# प्राक्कथन

संक्रमणकालीन अवस्थाबाट गुज्री रहेको अवस्थामा नेपाल सरकारले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्वाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना पारित गरेको छ। दीगो शान्ति र सुरक्षा सुनिश्चिततताका लागि महिला, शान्ति, सुरक्षा र सहभागितालाई सशक्त बनाउने संयन्त्रको रुपमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० को  कार्यान्वनको लागि प्रतिवद्धता ब्यक्त गरेको छ।

यो राष्ट्रिय कार्ययोजना नेपाल सरकार र  राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू एवं नागरिक समाज तथा संयुक्त राष्ट्रसंघका बिभिन्न निकायहरूको पूर्ण सहभागितामा निर्माण गरिएको हो । यस कार्ययोजना निमार्ण प्रकृयाको शुरु देखि अन्त्य सम्म साथीको सक्रिय सहभागिता रहेको थियो । पाँचै बिकास क्षेत्रका प्रत्यक्ष रुपमा द्वन्द्व प्रभावित महिलाहरुको क्षेत्रिय सम्मेलन आयोजना गरि उनीहरको सरोकारका विषयहरु यस राष्ट्रिय कार्ययोजनामा समावेश गर्न साथीले सहयोग पुऱ्याएको थियो । यस कार्ययोजनाको अवलम्बन सधै नेपालमा शान्ति प्रकृयाको हरेक तहमा महिला सहभागिताका साथै महिला तथा बालबालिकाका सुरक्षा सुनिश्चितता गर्ने कार्यमा ठोस प्रगति हुने विश्वास हामीले लिएका छौं । यस कार्ययोजनामा महिला सहभागिता,  सुरक्षा र रोकथाम, प्रवर्द्धन, राहत र पुनःप्राप्ति तथा स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता महत्वपुर्ण स्तम्भहरू रहेको छ।

कार्ययोजना सफल एवं प्रभावकारी रुपमा कार्यन्वन गर्नको लागि नियमित मुल्याँकन तथा अनुगमनको आवश्यकता रहन्छ। यहि तथ्यलाई दृष्टिगत गरी प्रस्ताव १३२५ को दशौं बार्षिकोत्सवको अवसर देखि सन् २०१० देखि ग्लोवल नेटवर्क अफ ओमन पिस विल्र्डस (जि.एन.डव्लु.पी) ले ग्लोवल नेशनल रिपोर्ट प्रकाशित गर्न पहल गरेको छ। सन् २०१० मा सो प्रतिवेदनमा नेपाल लगायत अन्य देशका १३२५ को कार्यन्वयन स्थितीको अनुगमन समावेश गरिएको थियो। नेपालको अनुगमनको लागि साथीले सहयोग पुऱ्याएको थियो। त्यसै गरी जि.एन.डव्लु.पी ले सन् २०११ को अक्टोवरमा १२ देशका ग्लोवल प्रतिवेदन तयार गरेको छ। यस प्रतिवेदनको लागि पनि नेपालको अनुगमनको जिम्मा साथीले लिएको थियो। त्यस ग्लोवल प्रतिवेदन अर्न्तगतको नेपालको अंश लिएर यो प्रतिवेदन तयार गरीएको छ।

यो प्रतिवेदन जि.एन.डव्लु.पी तथा न्यू योर्क स्थित संयुक्त राष्ट्रसंघको संयुक्त प्रयासमा तयार गरिएको रोकथाम, सहभागिता, संरक्षण र राहत तथा पुनःप्राप्ति अर्न्तगत बिभिन्न २६ मध्ये १६ सूचाङ्कहरूमा आधारित छ। प्रतिवेदन तयार गर्ने क्रममा साथीले अन्य गैर सरकारी संस्था संग सहकार्य गर्दै सूचाङ्क अनुसार तथ्याँक संकलनको लागि ३ दिने क्षमता अभिबृद्धि कार्यशाला आयोजना गरेको थियो। कार्यशालामा उपस्थित सहभागीहरूबाट प्राप्त जानकारी को अतिरिक्त बिभिन्न सरकारी निकाय, सुरक्षा निकाय तथा गैर सरकारी संघसंस्थाहरूमा गई आवश्यक तथ्याँक संकलन गरिएको थियो। संकलित तथ्याँकहरूको अध्ययन तथा विश्लेष्ण पश्चात यो प्रतिवेदन तयार गरिएको हो।

यस प्रतिवेदन तयार गर्ने क्रममा सहयोग उपलब्ध गराउने जि.एन.डव्लु.पी, क्यानेडेली सरकार  तथा न्यू योर्क स्थित यू.एन.एफ.पी.ए प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु। यसै गरि तथ्याँक संकलनको लागि सहयोग पुऱ्याउनु हुने बविता बस्नेत, भुपेन्द्र खनाल, विष्णुहरी भण्डारी, सम्झा श्रेष्ठ, श्रृजना काफ्ले, उमेश पोखरेल, पींकी सिंह राणा, हरी बास्कोटा तथा सम्झना कक्षपति प्रति धन्यवाद ब्यक्त गर्न चाहन्छु। साथै शुरुको चरण देखि प्रतिवेदन तयारी सम्म संलग्न भई तथ्याँक बिश्लेषण तथा प्रतिवेदन लेखन कार्यमा निरन्तर रुपमा संलग्न रहने पिंकि सिंह राणा तथा सम्झना कक्षपति प्रति बिषेश धन्यवाद ब्यक्त गर्न

चाहन्छु । यस प्रतिवेदनको सम्पादनमा सहयोग पुऱ्याउनु हुने श्री किरण ढुङ्गेल प्रति पनि आभार प्रकट गर्न चहान्छु ।

यस अनुगमन प्रतिवेदनको लागि तथ्याँक संकलन गर्न महत्वपुर्ण योगदान पुऱ्याउने अध्ययनकर्ताहरू प्रति आभार प्रकट गर्दछौं । पाँच जिल्लामा गरिएको समुहगत छलफलका सम्पुर्ण सहभागीहरूको साथसाथै काठमाण्डौं लगायत जिल्ला स्तरिय सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधीहरूले आफ्नो अमुल्य समय प्रदान गर्दै छलफलमा सहभागिता जनाउनु भएकोमा विषेश धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको साथै हाम्रो गैर सरकारी सहयात्रीहरू एड्भोकेसी फोरम, सिभिक्ट, ईहि्रकोन, ईन्सेक, डव्लु.एच.आर, समानता, संचारिका समुह तथा शान्ति मालिकाले प्रतिवेदन तयारीको क्रममा गरेको सहकार्यको लागि हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

साथै, ग्लोवल नेटवर्क अफ ओमन पिस विल्र्डस (जि.एन.डव्लु.पी) ले साथीलाई विश्वास गर्दै प्रतिवेदन तयार गर्ने प्रत्येक  चरणहरूमा पुऱ्याएको प्राविधिक सहयोग एवं मार्गदर्शन तथा  जुन २०११ मा अनुगमन कार्यशाला मार्फत हाम्रो साझेदार संस्थाहरूलाई गरेको क्षमता अभिबृद्धिको कार्यक्रमका लागि पनि कृतज्ञ छौं ।

अन्त्यमा, यो प्रतिवेदन विभिन्न निकायमा महिला सहभागिता बृद्धि गर्न सरकारी तथा गैर सरकारी संस्थाहरू, नागरिक समाज, अन्तर्राष्ट्रिय विकास साझेदार तथा संयुक्त राष्ट्रसंघका निकायहरूलाई  वकालत गर्ने उपयुक्त औजार हुनेछ भन्ने विश्वास लिएको छु । साथै यस प्रतिवेदन तयार गर्ने क्रममा संगालिएका अनुभव, क्षमता तथा सिकाईहरुबाट नेपालको राष्ट्रिय कार्ययोजनामा उल्लेखित सुचाँकहरुको आधारमा राष्ट्रिय अनुगमन प्रतिवेदन निकाल्नमा ठूलो सहयोग पुग्ने कुरामा म विश्वस्त छु । साथै आगामी बर्षहरूमा पनि यो संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदप्रस्ताव  नम्बर १३२५ र १८२० कार्यान्वयन स्थितीको प्रतिवेदन तयार गर्ने कार्यलाई निरन्तरता दिने प्रतिवद्धता ब्यक्त गर्दछु ।

बन्दना राणा
अध्यक्ष
साथी

## १. महिला, शान्ति र सुरक्षा स्थिति

### क. द्वन्द्वको प्रकृति

नेपालमा १३ फेब्रुअरी १९९६ मा शुरु भएको १० वर्ष लामो सशस्त्र द्वन्द्व नेपाल सरकार र माओवादीबीच २१ नोभेम्वर २००६ मा भएको विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर पश्चात औपचारिक रुपमा टुङ्गियो । सन् २००२ सम्म न्यून स्तरमा रहेको यो जन विद्रोह चर्किंदै गई खास गरीग्रामीण जनताका दैनिक जीवनमा वाधा पार्न थाल्यो । त्यस बिद्रोह हुनु पछिका मुल कारणहरूमा संरचनागत असमानता, बहिष्करण तथा विभेद (लैङ्गिक, जात जाति, वर्ग, भौगोलिक), शक्तिको केन्द्रीकरण तथा दुरुपयोग, गरिबी एवं वेरोजगारी, अवसरहरूमा पहुँचको अभाव, राज्यको शासकीय प्रणालीको असफलता र फरक विचारधारा प्रमुख थिए । कुनै बेला शान्तिपूर्ण राष्ट्र मानिएको नेपालले यस समयमा, इतिहास मै कहिल्यै नव्यहोरेको धनजन, पूर्वाधारहरू र विकास गतिविधिहरूमा क्षति वा गतिरोध व्यहोर्न पऱ्यो । यस अवधिमा १३,००० भन्दा बढीको संख्यामा पुरुष, महिला र बालबालिकाहरूले ज्यान गुमाएको अनुमान छ भने १ लाख देखि २ लाखसम्म मानिसहरू विस्थापित बन्न पुगेको अनुमान गरिएको छ[1] भने अझै पनि १००० भन्दा बढी मानिसहरू बेपत्ता छन् । द्वन्द्वका कारण अरवौं मूल्यका पूर्वाधारहरू ध्वस्त हुन पुगे । कुल ३,९१५ गा.वि.स.हरू मध्ये १,७७२ वटा भन्दा बढी गा.वि.स. भवनहरू[2] द्वन्द्वकालमा ध्वस्त भए भने करीव २,६४६ विकास संरचनाहरूको क्षति भयो । अझै पनि यिनिहरूको पुनर्निर्माण तथा पुनस्थापन बाँकी नै छ ।

**द्वन्द्व पश्चातको अवस्थाः** द्वन्द्वको उपसंहारले नेपाललाई स्वयं राष्ट्र र राज्यको पुनःपरिभाषित गर्नुपर्ने अवस्थाको संघारमा ल्याइदियो । तथापि, क्षति र विध्वशंको अलावा द्वन्द्वले विभिन्न क्षेत्रमा परिवर्तनको वाटो खोलीदिएको छ, जस्तैः

- राजतन्त्रबाट गणतन्त्र
- अधिनायकवादबाट प्रजातन्त्र र मानव अधिकार
- नियन्त्रणत्मक पद्धतिबाट समावेशी र सहभागितामूलक शासन पद्धति तर्फ
- राज्य संरक्षित धार्मिक सापेक्षतावादबाट धर्म निरपेक्षता तर्फ, र
- पूर्णरुपमा केन्द्रीकृत एकात्मक प्रणालीबाट विकेन्द्रीकरणमा आधारित एवं क्षेत्रीय तथा स्थानीय तहको स्वायत्तता तर्फ[3]

वृहत शान्ति सम्झौतामा हस्ताक्षर तथा अप्रिल २००६ को दोस्रो जनआन्दोलन र राजतन्त्रको अवसान पश्चात पनि जनताका प्रारम्भका इच्छा आकाङ्क्षाहरू अझै पूर्ण हुन सकेका छैनन् । राजनैतिक दलहरूबीचका द्वन्द्व र अन्तरकलह, शक्तिको बाँडफाँड, सुरक्षा-क्षेत्र पुनर्संरचना, पूर्व जनमुक्ति सेनाका पुनःस्थापना, तराई-मधेश मुद्दाको सम्बोधन, शान्तिका प्रतिफल, द्वन्द्वको मुल कारणको सम्वोधन, संक्रमणकालीन सुरक्षा व्यवस्था र न्याय सम्पादन, अन्य जात जातिको पहिचान सम्वन्धी मुद्दा, राज्यको संघीय स्वरुप निर्धारण, संविधान निर्माणमा असक्षमता, घटदो कानूनको शासन तथा वढदो दण्ड हीनताको

1 (2009) Keeping the Beijing Commitment Alive…Nepal NGO Report on Beijing +15. National Network for Beijing Review, Nepal. SAATHI.

2 ibid

3 (2009) Nepal Human Development Report 2009. State Transformation and Human Development. Kathmandu, Nepal.

प्रवृत्तिजस्ता मुद्दाहरू शान्ति प्राप्तिको मार्गमा अवरोध ल्याउने प्रमुख कडीहरू सावित भएका छन् । फलस्वरुप, नेपाल अहिले नाजुक अवस्थाको संक्रमणकालीन स्थितिबाट गुज्रिरहेको छ ।

**ख. द्वन्द्वले महिलामा परेको असर**

सन् १९९६ देखि २००६ को अवधिमा भएको सशस्त्र द्वन्द्व, यसको परिणामहरूका दृष्टिले मात्र हैन द्वन्द्वको शुरुवातमा महिलाको संलग्नताका दृष्टिकोणले पनि, गहनरुपमा लैङ्गिक रह्या भन्ने कुरा सन् २००५ मा लैङ्गिक एवं सामाजिक समावेशी मूल्याङ्कन गर्न भएको एक अध्ययनले पनि पुष्टि गर्दछ भने अध्ययनले दर्शाए अनुसार १७६ नीतिहरू मध्ये ८३ वटाले महिला प्रति बिभेद गरेको छ । यसो हुनुको पछाडी दुवै पक्ष विच एक अर्का प्रति प्रतिकार र यसको राजनैतिक र शैक्षिक अनुसन्धानात्मक विश्लेषण हो ।

महिलाहरूको वासस्थानको कारणले होस् वा उनीहरू स्वयं वा उनीहरूका परिवारका सदस्यहरूको राजनैतिक आस्थाको कारण होस् वा उनीहरूका जातीय एवं आर्थिक पृष्ठभूमि आदि कारणबाट होस् वा लडाकूका हिसाबले संलग्न भएका हुन् वा संलग्न नभएका हुन् उनीहरूमा द्वन्द्वले कल्पना गरेभन्दा धेरै बढी र दूरगामी प्रभाव पारेको पाइन्छ । यसको कारण मूलतः यस्मा संलग्न पुरुषहरूनै भएको देखिन्छ । द्वन्द्वको कारण सामाजिक एवं आर्थिक हिसाबले महिला तथा बालिकाहरूमा काम तथा जिम्मेवारीको अत्यन्त ठूलो बोझ आइलाग्यो । परम्परागत रुपमा पुरुषहरुको बर्चस्व रहेको अवस्था भएता पनि महिलाहरू घरमूली भएर परिवारको पूर्ण दायित्व वहन गर्न जिम्मेवार भए किनकी घरका पुरुष एवं युवाहरू राज्यपक्षीय सुरक्षा बलहरू र माओवादी विचको द्वन्द्वमा समातिने त्रासले गाउं छोडी पलायन हुन वाध्य भए । महिलाहरूले परम्परादेखि गर्न नपरिरहेको हलो जोत्ने र  काजक्रिया गर्ने जस्तो कामको जिम्मेवारी पनि उनीहरू माथि नै आइलाग्यो । बढ्दो खाद्य आपूर्तिको असुरक्षाको कारण बालिकाहरू र महिलाहरूमा असमानुपातिक वितरणले गर्दा कुपोषण तथा रक्तअल्पता जस्ता स्वास्थ सम्बन्धि लक्षणहरू देखापर्न थाले । बालिकाको अध्ययनको अवसर बालकहरूको भन्दा कम रहेको अवस्थामा अपहरण भइने, भयले विस्थापित हुने त्रास, जवर्जस्ती सेनामा भर्ना हुन पर्ने बाध्यता एवं दुबै पक्षबीचको संघर्षमा पर्न सक्ने भयले बालिकाहरू शिक्षाको अवसरबाट बञ्चित हुनु पर्‍यो । शिक्षाको कमी र शीपको अभावमा बालिकाहरू शोषणयुक्त काम गर्न बाध्य भए ।

द्वन्द्वरत दुबै पक्षहरूबाट अपहरण र यातना, बलात्कार एवं यौन शोषण ब्यापक हुन थाले, विद्रोहीहरूले मानिसलाई जवर्जस्ती आफ्नो संगठनमा संलग्न हुन बाध्य पारिने क्रम बढ्दै गयो, दुर्व्यवहार, हत्या, आतंक, जवरजस्ती विस्थापन, विधवा हुनेहरूको संख्या, महिलाहरूले बाध्यात्मक रुपमा घर परिवार चलाउनु पर्ने र कतिपय महिला एक्लैले बालबालिका तथा बृद्धबृद्धाहरूको हेरचाहको दायित्व लिनु पर्ने जस्ता  घटनाहरू चुलीन पुग्यो[4] । ४००० भन्दा बढी महिलाहरूले आफ्नो श्रीमान गुमाए र सयौं महिला द्वन्दरत दुबै पक्षबाट बलात्कृत भए[5] । आज पनि आन्तरिक रुपमा विस्थापितहरू मध्ये घेरै जसो महिलाको संख्या छ ,जो आफ्नो घर फर्कन पाएका छैनन् भने हजारौंले मानसिक तनाव र शारीरिक यातना भोगिरहेका छन् । सन् २००६ सम्ममा मारिनेहरूको संख्या १३,३४७ पुगेको थियो यसको करिव ८ प्रतिशत महिला र ३ प्रतिशत भन्दा वढि बालबालिका छन । सन् २००४ को अन्तसम्ममा ५०,३५६ जना विस्थापित भएका छन् यसको सबैभन्दा ठूलो संख्या मध्यपश्चिम विकास क्षेत्रमा रेहेको छ । २००६ नोभेम्बरको विस्तृत शान्ति सम्झौता

---

4 Deuba, A. R. (2005) Changing Roles of Nepali Women Due to Ongoing Con#ict and Its Impact - A National Study. SAMANATAInstitute for Social and Gender Equality. Kathmandu.

5 (2009) Keeping the Beijing Commitment Alive…Nepal NGO Report on Beijing +15. National Network for Beijing Review, Nepal. SAATHI.

पश्चात पनि सन् २००७ मा थप ५५१ मानिसहरू मरे भने २००८ मा ५४१ मारिएका छन् । माओवादी विद्रोहका अवधिमा १३,३४४ मारिएका मध्ये १०,२९७ पुरुष छन भने र १,०१३ महिला छन् । यसै गरी २,०३४ जनाको लिङ्ग छुट्टिन सकेको छैन उनिहरू लडाईमा मृत्यु भएको हुन सक्ने, मृतकको परिचय लुकाउने क्रममा द्वन्दरत पक्षहरूले कोहीलाई खाल्डो खनेर पुरेको र कति पयलाई बेपत्ता पारेको हुन सक्तछ । यो अवधिमा मारिएका १,०१३ महिला मध्ये १९३ जना माओवादी पक्षबाट र बाँकी राज्यका सुरक्षाकर्मीका हातबाट मारिएका छन् । त्यसरी नै ८४,९६९ जना अपहरणमा परेकाहरूमा २,०८७ महिला रहेका छन । जवकी यो अवधिमा अपहरणमा परेका ६९,४०३ को परिचय खुल्न सकेको छैन[6] । माओवादी बिद्रोहको अवस्थामा भएका यौन हिंसाका हजारौं अपराधहरू वा मानव अधिकार उल्लघंनका कतिपय गम्भीर घटनाहरूको जिम्मा आज सम्म पनि कसैले लिएका छैनन् । मुलुकभर फूटवादी समूहहरूको उपस्थितिले स्थिति अझ बिग्रँदो अवस्थामा छ । एउटा त्यस्तो असर तराईका महिलाहरूले भोग्दै आई रहेको छ जहाँ सयौं महिलाहरू बलात्कार र यौन दुर्व्यवहारका शिकार भएका छन । मानव अधिकार तथा न्यायको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था ईन्सेकको मानव अधिकार प्रतिवेदन अनुसार २०११ जनवरी देखि मार्चको तिन महिनाको अवधिमा मात्रै तिन महिला सहित २९ जनाको हत्या २८ जनाको अपहरण भएको देखाएको छ भने ७९ महिला र ६२ बालिकाहरूको मानव अधिकार हनन् भएको देखाएको छ ।

यति हुँदाहुँदै पनि द्वन्द्वले महिलाहरूमा गैर-परम्परागत भूमिकाहरूमा संलग्न हुने, निर्णय गर्ने अधिकारहरूमा बृद्धि तथा नेपाली सेनामा समावेशी जस्ता महिला सशक्तिकरणका दिशामा अति शिघ्ररुपमा ल्याएको परिवर्तनलाई भने नकार्न सकिदैन । द्वन्द्वले नजाँनिदो किसिमले महिला अधिकारका क्षेत्रमा वढोत्तरी गरेको छ भन्ने ठाउँ भने छ । संविधान सभा (सं.स. २००८) मा ३३ प्रतिशत महिला आरक्षणको प्रावधानले विगतका संसदीय प्रतिनिधित्वहरूमा भइरहेको अन्यन्त न्यून महिला सहभागितालाई पछाडि पारेको छ । लैङ्गिक भूमिकामा परिवर्तन र नेपाली पुरुष वर्गले त्यसलाई उत्तरोत्तर रुपमा स्वीकार गर्दै गइरहेका उदाहरण रोजगारका लागि विदेश जाने महिला कामदारहरूको संख्यामा बृद्धि, महिला अधिकार एवं पैत्रिक सम्पतिमा उत्तराधिकारको वैधानिक प्रावधानहरूको प्रत्याभूति र अन्य त्यस्तै अधिकारगत कुराहरूमा भएका प्रगतिहरूलाई लिन सकिन्छ । तर शान्ति प्रकृयामा महिलाहरूको नगण्य सहभागिता अझै खट्केको विषय हो । परिणाम स्वरुप शान्ति सम्झौतामा लिङ्गका आधारमा हुने दण्ड कारबाही एवं हिंसा जस्ता पक्षहरू ओझेलमा पर्न पुगेका र प्रष्टिन सकेका छैनन्, जसले गर्दा ती पक्षहरूमा सम्झौताको व्याख्या गर्दा वा कार्यान्वयन गर्दा ध्यान दिने गरिएको छैन ।

**ग. सम्बद्ध नीतिहरू:**

नेपाल १६ वटा अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूको पक्ष राष्ट्र हो जस अन्तर्गत आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९९६, नागरिक एवं राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ र द्वितीय ऐच्छिक आलेख, १९८९, यातना र अन्य क्रुर अमानबिय अपमानजनक व्यवहार वा तुच्छ दण्ड विरुद्धको महासन्धी १९८४, र महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन सम्बन्धी महासन्धी, १९७९ पर्दछन् ।

बिगत केहि बर्षमा ल्याइएका यससँग सम्बन्धित नीतिहरू अन्तर्गत:

- नेपाल सरकारले लैङ्गिक हिंसा रोकथामको लागि २०१० मा राष्ट्रिय कार्ययोजना सार्वनजीक गरेको छ । यस कार्ययोजनाले महिला तथा बालिकाहरू माथि हुने हिंसा रोकथाम र संरक्षणलाई जोड

[6] www.inseconline.org

दिएको छ । नेपाल सरकारले २०१० लाई लैङ्गिक हिंसा अन्त्य बर्षको रुपमा घोषणा गर्दै देशका सम्पुर्ण जिल्लाहरूमा लैङ्गिक हिंसा समन्वयसमिति तथा लैङ्गिक हिंसा कोषको स्थापना गरेको छ । यस कार्ययोजनाले महिला माथि हुने हिंसा अनुसन्धानको लागि बिषेश आयोग गठन गर्न जोड दिएको छ । यसै गरी प्रधान मन्त्री कार्यालयमा रहेको लैङ्गिक ईकाई मा (११११) निशुल्क हटलाईन पनि संचालन गरेको छ ।

- नेपाल सरकारले यौन तथा लैङ्गिक हिंसाका घटनाहरूको गहन अनुसन्धान तथा दण्डको लागि देशभरका प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गर्ने प्रतिवद्धता ब्यक्त गरेको छ ।
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट महिला, शान्ति र सुरक्षा सम्बन्धी पारित पहिलो प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनको लागि१ फेब्रुअरी २०११ मा नेपाल सरकारले राष्ट्रिय कार्ययोजना अनुमोदन गरेको छ । यस कार्ययोजनामा पाँच स्तम्भहरू रहेका छन (क) सहभागिता-द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रकृयाको हरेक निर्णायक तहमा महिलाहरूको समतामुलक, समानुपातिक र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने लक्ष राखेको छ । (ख)सुरक्षा र रोकथाम - द्वन्द्व पूर्व, द्वन्द्वको समय एवं द्वन्द्व पश्चात महिला र बालिकाको अधिकार हनन् हुन नदिई उनीहरूको अधिकार सुनिश्चित गर्ने लक्ष राखेको छ, (ग) प्रवर्द्धन-महिला र बालिकाको अधिकार प्रवर्द्धन गर्ने र द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सबै पक्ष र चरणहरूमा लैङ्गिक मूलप्रवाहिकरण गर्ने लक्ष राखेको छ । (घ) राहत तथा पुनःप्राप्ति- राहत तथा पुनःप्राप्ति तथा पुनःस्थापनका कार्यक्रम तर्जुमा तथा कार्यान्वनमा द्वन्द्व प्रभावित महिलाको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने र महिला र बालिकाहरूको विषेश आवश्यकतालाई सम्बोधन गर्ने लक्ष रहेको छ । (ङ) श्रोत ब्यवस्थापन, अनुगमन तथा मुल्यांकन - अनुगमन तथा मुल्यांकन कार्यलाई संस्थागत गरी सम्पूर्ण सरोकारवालाहरूसंगको समन्वय र सहकार्यमा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि आवश्यक श्रोत र साधन सुनिश्चित गर्ने लक्ष राखेको छ[7] ।
- सम्पुर्ण जिल्लाहरूमा स्थानीय शान्ति समिति गठनः स्थानीय स्तरमा द्वन्द्व सम्बोधन तथा द्वन्द्वरत पक्षहरू बिच मध्यस्थता गर्न सशक्त पारिएको छ । यसमा कम्तिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता रहने प्रावधान छ ।
- नेपालको अन्तरिम संबिधान, २००७ ले महिला बिरुद्ध कुनै पनि शारिरीक, मानसिक वा अन्य प्रकारको हिंसा निषेध गरेको छ । महिलाको प्रजनन् अधिकारलाई मौलिक अधिकारको रुपमा लिइएको छ ।
- विस्तृत शान्ति सम्झौतामा दुबै पक्षहरूले लिङ्गमा आधारीत हिंसाको निषेधात्मक प्रावधानहरू पालना गर्ने प्रावधान रहेको छ ।
- नेपालको व्यवस्थापिका संसदले घरेलु हिंसा (अपराध र सजाय) ऐन बिधेयक ५ मे २००९ मा पारित गरेको छ । यसले शारीरिक, मानसिक, यौनिक, आर्थिक लगायत हिंसालाई घरेलु हिंसाका रुपमा परिभाषित गरेको छ ।
- सन् २००६ मा लैङ्गिक समानता ऐन पारित, विगतका विभिन्न ऐनहरूमा रहेका ५६ वटा विभेदकारी प्रावधानहरूको खारेजी तथा संशोधन र तिनमा महिला अधिकार सुरक्षित गर्ने प्रावधानहरू थप गरेको छ ।

[7] (2011) National Action Plan On Implementation of the UNSCRs 1325 and 1820. Government of Nepal/MoPR

- मानव वेचविखन ऐन, २००७ मा ओसार पसारका उद्देश्यले लैजानुलाई अपराध मानिने भनी ओसार पसारको परिभाषामा बृद्धि । यस ऐनमा पीडितको सहयोग र स्याहार सुसार गर्नुपर्ने प्रावधान रहेको छ ।
- सर्वोच्च अदालतबाट लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने कुरीति जन्य व्यवहारहरूलाई निषेध गर्ने आदेशहरू जारी भएको ।
- दशौं पञ्चवर्षिय योजनाले लैङ्गिक एवं मानव अधिकारलाई क्षेत्रगत अन्तर सम्बन्धित बिषयको रुपमा संलग्न गराएको । क्षेत्रगत मन्त्रालयहरूमा जेण्डर फोकल प्वाइन्ट्स स्थापना गर्नुको साथै केन्द्र र जिल्ला तहमा मानब बेचबिखन रोक्न कार्यदलहरू स्थापना गरिएका छन् ।
- सरकारका बिभिन्न निकायहरूमा र राजनीतिक क्षेत्रहरूमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको नीतिको अङ्गीकार ।

## २. तथ्याङ्क प्रस्तुती र विश्लेषण:

उल्लेखनीय नीति एवं प्रावधानहरूको व्यवस्थाका बाबजुद पनि तिनीहरूको कार्यान्वय सम्बन्धी यथार्थ तथ्याङ्कले भने बेग्लै चित्र प्रस्तुत गरिरहेका छन् । नीतिहरूको प्रभावकारी कार्यान्वयन चाहीँ मुलुकका विविध क्षेत्रहरूमा सर्वत्र सरोकारको विषय बनिरहेको र महिला अधिकार एवं सशक्तिकरण, तथा शान्ति र सुरक्षासम्बन्धी मुद्दाहरूमा यो अझै बढी मात्रामा खट्किरहेको छ ।

### क. सहभागिता:

**सूचकाङ्क १- शासनमा महिला सहभागिता सूचक ( वरिष्ठ ओहोदा मन्त्रीमण्डल/मन्त्री परिषद, संसद, स्थानीय शासनमा महिलाहरूको प्रशिसत )**

विस्तृत शान्ति सम्झौताको एउटा प्रमुख विषय भनेको राजनीतिक र आर्थिक तथा सामाजिक रुपान्तरण हो जस्ले सबै प्रकारका विभेदहरू समाप्त पार्न “समावेशी, प्रजातान्त्रिक तथा अग्रगामी” राज्य पुनःसंरचनाको माग गर्दछ । यसले समाबेशी, प्रजातान्त्रिक, प्रगतिशिल राज्य पुनःसंरचनाको पनि परिकल्पना गरेको छ जहाँ महिलाहरूको आवश्यकता तथा सरोकारको विषयको लेखाजोखा हुन्छ । यी सबैअन्तरिम संबिधान जारी गर्ने तर्फ उन्मुख रहेका छन जुन संविधान सभाले नयाँ मस्यौदा संबिधान तयार गर्नु अधिको संक्रमणकाललाई समेटीएको पाइन्छ ।

तोकिएको समयवधिमा नयाँ संबिधान मस्यौदा तयार गर्न नसकेको कारण हाल सम्म पनि नेपाल संक्रामणकालीन अवस्थामा नै छ । २००८ को मे २८ मा संबिधान सभा निर्वाचन भए पश्चात संबिधान सभाको म्याद तीन पटक थपि सकिएको छ भने हालको म्याद आउदो नोभेम्वर २८ मा सकिदै छ । बिभिन्न राजनैतिक दलहरू बिचको द्वन्द्व तथा दल भित्रकै अन्तर कलह तथा शक्ति बाँडफाँड, सुरक्षा क्षेत्र पुनःसंरचना, पुर्व जनमुक्ति सेनाहरूको समायोजन तथा पुनःस्थापन, जस्ता मुद्दाहरू नेपालको राजनैतिक अवरोधको रुपमा रहेको छ । फलस्वरुप राष्ट्रिय राजनितीको मुख्य जिम्मेवारीको रुपमा रहेको शान्ति प्रकृया तथा संबिधान लेखनमा आशातीत प्रगती हुन सकेको छैन ।

***व्यवस्थापिका तथा संसदीय तह:***

२०१० को तुलनामा सामान्य परिवर्तन बाहेक ब्यवस्थापिका, तथा संसदीय तह तथा निजामती क्षेत्रमा महिलाहरूको सहभागिताको स्थिति समान रहेको छ । ब्यवस्थापिका तथा संसदीय तहमा महिला संबिधान सभा सदस्यहरूहरूको संख्या घट्नाले महिला संबिधान सभामा महिला सदस्यहरूको प्रतिशतमा पनि केही कमी आएको छ । कुल ६०१ संबिधान सभा सदस्यहरू मध्ये, ८ स्थान रिक्त रहेको अवस्था छ यसको अतिरिक्त दुई पुरुष संबिधान सभा सदस्यहरूलाई उनीहरूको दलको शिफारिसमा बरखास्त गरिएको सहित हाल (सेप्टेमवर २०११) संबिधान सभा सदस्यहरूको संख्या ५९१ रहेको छ जस अनुसार महिला संबिधान सभा सदस्यहरूको प्रतिशत ३१.९७ हुन आउंछ ।

एक बर्षको अवधिमा दुई पटक सम्म सरकार परिवर्तन हुने गरेका कारणले नेपालको राजनैतिक अवस्था धेरै नै अस्थिर रहेको पाइन्छ । मन्त्रिपरिषदमा महिलाको सहभागिताका विषयमा ६ फेब्रुअरी २०११ देखि १ अगष्ट २०११ सम्म मा गठन र पुर्नगठन भएका मन्त्री मण्डलको विश्लेषणमा महिला मन्त्रीको प्रतिशत थोरैले बृद्धि भएको देखिन्छ । तालीका १ मा देखाए बमोजिम कार्यविभाजनमा रक्षा, परराष्ट्र, अर्थ, गृह, जस्ता मुख्य मन्त्रालयहरूमा पुरुषहरूको बाहुल्यता रहेको छ । तथापी, अगष्ट/सेप्टेम्वर २०११ मा गठन तथा पुनर्गठन भएका मन्त्रिपरिषदमा महिलाहरूको प्रतिशत ७.६ मा झरेको छ ।

**तालीका १ः मन्त्रिपरिषदमा मन्त्रीको कुल संख्या :**

| मन्त्रिपरिषदमा मन्त्रीको कुल संख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| सन् २०११ | | | |
| ३५ | २८ | ७ (मन्त्री ४, राज्य मन्त्री ३)<br>**४ मन्त्रीहरूः**<br>शान्ति तथा पुनर्निर्माण : १<br>भुमिसुधार तथा व्यवस्था : १<br>स्थानीय बिकास : १<br>महिला, बालबालिका तथा समाज कल्याण : १<br><br>**३ राज्य मन्त्रीहरूः**<br>वन तथा भु-संरक्षण : १<br>भौतिक योजना तथा निर्माण : १<br>स्वास्थ्य तथा जनसंख्या : १ | २० %<br>श्रोतः www.opmcm.gov.np |
| अगष्ट ३० देखि सेप्टेम्वर ४, २०११ सम्म गठित तथा पुनर्गठित मन्त्री परिषद | १२ | १ (युवा तथा खेलकुद मन्त्रालय) | ७.६ %<br>श्रोतः रिपब्लिका अंग्रेजी दैनिक, ५ सेप्टेम्वर २०११ |
| सन् २०१० | | | |
| ४३ | ३८ | **५ मन्त्रीहरूः** | ११.६२ % |

| | | | |
|---|---|---|---|
| | | रक्षा मन्त्री : १<br>उप प्रधानमन्त्री : १<br>राज्य मन्त्री : १<br>सहायक मन्त्रीहरू : २ | श्रोतः www.can.gov.np |

**निजामती तहमाः**

सन् २०१० को तुलनामा हाल निजामती सेवामा कर्मचारीहरूको संख्या ७९,५१५ रहेको छ जस मध्ये १०,८९५ महिला अर्थात १३.७० प्रतिशत छ जुन गत बर्षको तुलनामा केहि बृद्धि भएको देखिन्छ। नेपालको निजामती सेवाको १२,१६३ बरिष्ठ ओहदा मध्ये ७९० जना मात्र महिलाहरू रहेका छन । निजामती सेवाको निर्णयक तहमा महिलाहरूको उपस्थिती एकदमै न्यून रहेको छ जुन तालीका २ मा देख्न सकिन्छ ।

**तालीका २ः निजामती सेवाका वरिष्ठ ओहदामा महिलाहरूको संख्या**

| बिवरण | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सचिव/विशिष्ट श्रेणी | ७३ | ४ | ७७ | ५.१९ |
| सह-सचिव/प्रथम श्रेणी | ४८४ | ९ | ४९३ | १.८३ |
| उप-सचिव/द्वितिय श्रेणी | २६७१ | ९७ | २७६८ | ३.५ |
| शाखा अधिकृत/तृतिय श्रेणी | ८१४५ | ६८० | ८८२५ | ७.७१ |
| कुल | ११,३७३ | ७९० | १२,१६३ | ६.४९ |

श्रोतः सामान्य प्रशासन मन्त्रालय, अगष्ट २०११

स्थानीय शासन तहको परिवेषमा महिलाको प्रतिनिधित्वको हकमा गत बर्षको भन्दा फरक छैन । सम्पुर्ण ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू पुरुष छन् भने ७१ जिल्ला मध्ये एक जिल्लामा मात्र महिला स्थानीय बिकास अधिकारी कार्यरत रहेको छ । बाँकी ४ जिल्लाहरूका रिक्त स्थानमा पुरुषहरूले निमित्त भई कार्य गरी रहेका छन् । प्रमुख जिल्ला अधिकारीको रुपमा महिलाहरूको उपस्थिती शून्य रहनु र स्थानीय बिकास अधिकारीको रुपमा नगन्य संख्यामा महिला रहनुले यस प्रति पर्याप्त ध्यानाकर्षण नभएको देखिन्छ । यस प्रकारको विभेदले जिल्ला तथा सामुदायिक स्तरमा गरिने लैङ्गिक निर्णयहरूमा असर पार्दछन् ।

***प्रमुख राजनैतिक दलहरूमा महिलाको प्रतिनिधित्वः***

नेपालका राजनैतिक दलहरू महिला प्रतिनिधित्व सुनिश्चित गर्ने मामिलामा मौखिक प्रतिवद्धता ब्यक्त गर्न कुनै निकाय भन्दा पछाडी छैनन् । तर वास्तविकता भने अर्कै छ । कुनै पनि राजनैतिक दलका बिधान तथा नीतिहरूमा महिला सहभागिता अभिबृद्धि गर्ने बिषेश प्रावधान रहेको पाइएन । यसै गरी राजनैतिक दलहरूले आफ्ना केन्द्रिय समितिहरूमा पनि ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सकेका छैनन् । पदमा भएका महिलाहरूका हकमा पनि दल भित्र रहेको पितृसत्तात्मक मुल्य मान्यताले, कतिपय महिलाहरूलाई अर्थपूर्ण सहभागिता जनाउन तथा उठाइएका मुद्दाहरूलाई निर्णयमा सामेल गराउन, रोक लगाइरहेको हुन्छ ।

**तालीका ३ः प्रमुख राजनैतिक दलहरूमा महिलाको प्रतिनिधित्व**

| राजनैतिक दल | केन्द्रीय समिति सदस्यहरूको कुल संख्या | पुरुष | महिला | महिलाहरूको प्रतिशत |
|---|---|---|---|---|
| एकिकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) | १४८ | १३४ | १४ | ९.४६ |

| | | | | |
|---|---|---|---|---|
| नेपाली काँग्रेस (१२ अधिवेशनमा निर्वाचित) | ६५ | ५१ | १४ | २१.५४ |
| नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत मार्क्सबाद-लेनिनबाद) वैकल्पिक केन्द्रीय सदस्य समेत | ११६ | ९५ | २१ | १८.१० |
| मधेसी जनाधिकार फोरम, नेपाल (प्रजातान्त्रिक) | ५१ | ४५ | ६ | ११.७६ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | ५५ | ४३ | १२ | २१.८२ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (आमन्त्रित सदस्यहरू सहित) | ६५ | ५७ | ८ | १२.३१ |
| नेपाल कम्यूनिष्ट पार्टी (मार्क्सबाद-लेनिनबाद) वैकल्पिक केन्द्रीय सदस्य समेत | ३५ | ३० | ५ | १४.२९ |

श्रोतः जागरण नेपाल, सम्बन्धित पार्टी कार्यालयबाट ८ डिसेम्वर २०१० देखि २० फेब्रुअरी २०११ सम्ममा संकलित

**सूचकाङ्क २-शान्तिवार्ता टोलीमा महिलाको प्रतिशतः**

आन्दोलन, राज संस्थाको अन्त्य, द्वन्द्वको अवस्था तथा यसको परिणामहरूमा महिलाको संलग्नता भएता पनि सम्पुर्ण शान्तिबार्ता टोलीमा महिलाहरूको उपस्थिती करीव करीव शून्य नै रह्यो केवल अपवादको रुपमा राज्य र माओवादि पक्षको युद्ध बिरामको अवस्थामा (२ जनवरी २००३) मा तत्कालिन मन्त्री श्री अनुराधा कोईराला शान्तिबार्ता टोलीमा हुनुहुन्थ्यो । त्यसमा  पनि उहाँको भुमिका प्रतिवेदन लेख्ने र बैठकको निर्णय माइन्यूट गर्ने कार्यमा सिमित गरिएको थियो । संयुक्त राष्ट्रसंघको महासचिवका प्रतिनिधी तथा अनमिनका प्रमुख ईयान मार्टिनले उल्लेख गर्नु भए अनुसार “नेपालका शान्तिवार्ताको क्रममा जति पनि राजनैतिक वार्ताको टेवल हेरैं, त्यस अवसरमा कुनै पनि महिला टेबलमा देखिन । अहिले सम्म शान्ति प्रकृयामा महिलाको लागि पुरुष बाट निर्णय गरिएको छ (……)[8]” आई. मार्टिन २००७

तथापी, शान्ति प्रकृया सम्बोधन गर्नको लागि गठित संस्था तथा राजनैतिक वार्ताहरूमा महिलाहरूको थोरै उपस्थिती देखिएको थियो । राष्ट्रिय अनुगमन समितिमा ३१ जना मध्ये २ जना मात्र महिला, अन्तरिम संबिधान मस्यौदा समितिमा शुरुमा ६ जना पुरुषहरू मात्र रहेकोमा महिला अधिकारकर्मीहरूको दलित समुदाय सहित थप ६ जना महिला राख्ने अभियान पश्चात यस समितिको संख्या बृद्धि गरिएको थियो[9] । स्थानीय शान्ति समितिमा महिलाहरूको एक तिहाई उपस्थिति देखिएको छ तर अर्थपूर्ण सहभागिताका वारेमा अनिश्चित नै रहेको छ ।

बहुसंख्यक महिलाबादी संघसंस्थाहरूले शान्तिबार्ताहरूमा महिलाको उल्लेख्य उपस्थितीको लागि आवाज उठाएका थिए । यी संघसंस्थाहरुले सरकार, राजनैतिक दल तथा माओबादिलाई दवाव दिई शान्तिबार्तामा महिला सहभागिता बृद्धिको लागि प्रयास गरेका थिए । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ राजनैतिक बृत्तमा महिलाहरूको उल्लेख्य उपस्थिती तथा लैङ्गिक बिषयलाई विशाल क्षेत्रमा स्थापित गर्ने उनीहरूको मागको लागि टेवा पुऱ्याउने औजारको रुपमा रह्यो । शान्ति प्रक्र्यामा महिला समावेश गर्ने ईच्छाले गर्दा बिभिन्न संघसंस्था जुन शान्ति प्रक्रृया अगाडि मानव अधिकार, शिक्षा, महिला अधिकार, दलित समुदायको अधिकार तथा संचार माध्यममा महिला सहभागिताको लागि कार्यरत थिए उनीहरू बिच बिभिन्न

[8] मार्टिन ईयान, २००७, ईम्प्लिमेन्टिङ्ग कमिटमेन्ट्स टु ओमन्स ईक्वल पार्टिसिपेशन

[9] http: escolapau.uab.cat/img/qcp/nepal_conflict_peace.pdf

गठबन्धन स्थापना भएको छ । प्रक्रृयालाई प्रभाव पार्न साझा मञ्च स्थापना भएका छन् । यसैगरी महिला संघसंस्थाहरूले निर्णय प्रक्रियामा प्रभाव पार्न कोशिस गरे र राजनैतिक बृत्त र असंगठीत समाज, आफ्नो आवश्यकता र मागलाई ध्यान दिइदैन भन्ने धारण राख्ने वर्ग, वीच पूलको रुपमा कार्य गरे ।

शान्तिबार्ता टोलीहरूमा महिलाहरूको न्यून सहभागिताको स्थितिमा विस्तृत शान्ति सम्झौता पश्चात वनेका समितिहरूमा थोरै बृद्धि हुदाहुदै पनि द्वन्द्व तथा शान्ति प्रकृयामा महिलाले पुऱ्याएका योगदान पहिचान गर्न सकेनन् भने केहिले हाल महिला सहभागिता पनि दर्शाउन खोजेका छन । समग्रमा न्यून सहभागिताको प्रतिशतले शान्ति निर्माण प्रकृयामा महिलाहरूको उपस्थिति अनिवार्य नभएको ठानी सहभागितालाई महत्व नदिएको देखिन्छ । सामान्य अज्ञानता, नीतिगत तहमा महिलाहरूको अनुपस्थिती, बार्ताटोलीमा महिला समावेश गर्न समयमानै पर्याप्त दवावको अभाव जस्ता कुराहरू अन्य व्याख्याका बिषय हुन सक्दछन् ।

**सूचकाङ्क ३- न्यायिक तथा सुरक्षा क्षेत्रमा महिला सहभागिता (सेना, प्रहरी, तथा न्यायिक क्षेत्रका हरेक तहमा महिलाको प्रतिशत)**

**न्यायिक क्षेत्र**

बिगत एक बर्षमा न्यायिक क्षेत्रमा लैङ्गिक मुलप्रवाहिकरण उल्लेख्य देखिएको छैन । यस क्षेत्रमा महिला सहभागितामा थोरै मात्र परिवर्तन भएको देखिन्छ । यस्तो अवस्थामा उल्लेख्य र अर्थपूर्ण सहभागिता धेरै टाडाको बिषय हो ।

**तालीका ४: न्यायिक क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व**

| अदालत | पद | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|
| सर्बोच्च अदालत | प्रधान न्यायाधीश | १ | ० | १ | ०% |
| | न्यायाधीश | १८ | १ (५.५५ % ) | १७ | गएको बर्षको तथ्यांक अनुसार महिला सहभागिता ६.६६% |
| पुनरावेदन अदालत | मुख्य न्यायाधीश | ० | ० | ० | |
| | न्यायाधीश | १०७ | ४ (३.७३ %) | १०३ | गएको बर्षको तथ्यांक ४.२५% |
| जिल्ला अदालत | न्यायाधीश | ११२ | १ (०.८९ %) | १११ | गएको बर्षको तथ्यांक ०.७६% |
| बिषेश अदालत | न्यायाधीश | ३ | ० | ३ | |
| महान्यायधिवक्ताको कार्यालय | महा न्यायाधीबक्ता | १ | ० | १ | |
| | उप-न्यायाधीबक्ता | ४ | ० | ४ | |
| | सह-न्यायाधीबक्ता | ८ | ० | ८ | |
| | नायव न्यायाधीबक्ता | ९ | ० | ९ | |

| | जिल्ला न्यायाधीबक्ता | | | | |
|---|---|---|---|---|---|

श्रोतः सरोज रेग्मी, शाखा अधिकृत, प्रधान न्यायधिस कार्यालयको सचिवालय, २ अगष्ट २००११ (फोन अर्न्तवार्ता)

***सुरक्षा क्षेत्रः***

नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी जस्ता मुख्य सुरक्षा निकायहरूमा संख्यात्मक रुपमा तलको तालीकाले देखाए अनुसार कुनै उल्खेख्य परिवर्तन पाईएन । तथापी, सुरक्षा निकायहरूलाई संयुक्त राष्ट्रसंघिय निकाय तथा गैर सरकारी संस्थाहरूले संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५, १८२० तथा लैङ्गिक समानता सम्बन्धि प्रशिक्षणहरू दिदै आई रहेको कुरा उल्लेख गर्न आवश्यक छ । संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन कार्ययोजना पारित भए पश्चात शान्ति तथा पुनर्निर्माण मन्त्रालय, रक्षा मन्त्रालयका प्रतिनिधीहरू मार्फत राष्ट्रिय कार्ययोजनाको सत्रहरू संचालन गरिने गरिएको छ । नेपाली सेनाले बिगत केहि वर्ष देखि आफ्ना मातहतका कर्मचारीहरूलाई यस सम्बन्धी प्रशिक्षण प्रदान गर्दै आई रहेको छ ।

**तालीका ५ः नेपाली सेनामा महिलाहरूको प्रतिनिधित्व**

| दर्जा | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| नेपाली सेना | ९२,००० | १,१३२ (१.३२%)<br>अधिकृत (कमिसन्ड)ः २४५ जना<br>नन् कमिसन्डःअधिकृत १०३<br>अन्यः ७८४ | ९०,८६८ |

श्रोतः कुवेर थापा, महा सेनानी, उप निर्देशक, नेपाली सेना जन सम्पर्क निर्देशनालय, २१ अगष्ट २०११

**तालीका ६ः नेपाल प्रहरीमा महिलाहरूको प्रतिनिधित्व**

| दर्जा | जम्मा संख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| प्रहरी महानिरिक्षक | १ | १ | ० | ० |
| अतिरिक्त प्रहरी महानिरिक्षक | ८ | ८ | ० | ० |
| प्रहरी नायव महानिरिक्षक | ३४ | ३२ | २ | ५.८८ |
| बरिष्ठ प्रहरी उपरिक्षक | ६४ | ६१ | ३ | ४.६८ |
| प्रहरी उपरिक्षक | १२२ | ११८ | ४ | ३.२७ |
| प्रहरी नायव उपरिक्षक | ३३४ | ३२२ | १२ | ३.५९ |
| प्रहरी निरिक्षक | १,१३० | १,०८५ | ४५ | ३.९८ |
| सहायक निरिक्षक | ३,१७१ | ३,०२९ | १४२ | ४.४७ |
| प्रहरी नायव निरिक्षक | ५,७२७ | ५,५३७ | १९० | ३.३१ |
| प्रहरी हवल्दार | ११,१७७ | १०,५३८ | ६३९ | ५.७१ |
| सिपाही | ३५,८८१ | ३३,५८७ | २,२९४ | ६.३९ |
| अन्य | २,४७१ | २,३४५ | १२६ | ५.०९ |
| | ६०,१२० | ५६,६६३ | ३,४५७ | ५.५७ |

श्रोतः  प्रहरी नायव महानिरिक्षक बिनोद सिंह, प्रवक्ता, नेपाल प्रहरी , २३ अगष्ट २०११

**तलीका ७: सशस्त्र प्रहरी बलमा माहिलाहरूको प्रतिनिधित्व**

| जम्मा संख्या | पुरुष | महिला |
|---|---|---|
| ३१,२६५ | ३०,२७७<br>प्रहरी नायव उपरिक्षक–२९५<br>निरिक्षक–८९१ | ९८८ (३.१६ प्रतिशत)<br>प्रहरी नायव उपरिक्षक– २<br>वरिष्ठ अधिकृत–२३<br>(निरिक्षक–२१<br>बरिष्ठ सहायक निरिक्षक–२)<br>जुनियर अफिसर–४१ -प्रहरी सहायक निरिक्षक, प्रहरी नायव निरिक्षक)<br>अन्य–१०१३ |

श्रोत: प्रहरी नायव महानिरिक्षक भिष्म अर्याल, प्रवक्ता, नेपाल प्रहरी , २२ जुलाई २०११

सुरक्षा तथा न्यायिक क्षेत्रमा महिला सहभागिता कम हुनुको मुल कारण यस क्षेत्रमा भविष्य खोज्ने महिलाको लगि दुरुत्सहानयुक्त सामाजिक तथा साँस्कृतीक संबैधानिक/न्यायिक प्रावधानहरू रहेका छन । उदाहरणको लागि (नेपालको अन्तरिम संविधानमा सर्बोच्च अदालतको न्यायाधीसहरूको नियुक्ति र योग्यतामा उल्लेख गरे अनुसार “पुनरावेदन अदालतको न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा सात बर्ष वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको वा कानूनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा काम गरी विशिष्ट कानूनविद्‌का रूपमा ख्याति प्राप्त गरेको व्यक्ति मात्र सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।” छ[10] ।)

**सूचकाङ्क ४- शान्ति स्थापना मिसनहरूमा महिलाको प्रतिशत, तहगत विभाजनः**

नेपाली सेना तथा नेपाल प्रहरीबाट शान्ति स्थापनार्थ मिसनमा जाने महिलाहरूको प्रतिशत कम नै रहेको छ । यस क्षेत्रमा महिलाको न्यून सहभागिता रहेको कारणले गर्दा नै मिसनमा जाने महिलाको संख्या कम भएको हो । तथापी नयां नीति अनुसार २० प्रतिशत स्थान महिलाको लागि संरक्षण गर्ने व्यवस्था छ । नेपाली सेना र शसस्त्र प्रहरी बलको तुलनामा शान्ति स्थापनार्थ मिसनमा नेपाल प्रहरीबाट उल्लेख्य संख्यामा महिला पठाएको पाईएको छ । नेपाल प्रहरीमा महिलाहरूको भर्ना बृद्धि भएको कारण यो संख्या बृद्धि भएको हुन सक्दछ ।

**तालीका ८: शान्ति स्थापनार्थ मिसनमा खटिने महिलाहरूको प्रतिशत, सबैतहको बिभाजन**

| सुरक्षा निकाय | समय | जम्मा | महिला | पुरुष | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| नेपाली सेना | शान्ति स्थापना फोर्समा १९५८ देखि सदस्य | ७६,४९८ | १९७ | ७६,२९२ | ०.२५ |
| | २०१० देखि अगष्ट २०११ | ६,८७८ | ९३ | ६,७८५ | १.३५ |
| | २००७ मा कुल | ४०१ | ११ | ३९० | २.७४ |

[10] http://www.nic.gov.np/download/interim-constitution.pdf

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल प्रहरी | २००८ मा कुल | ७६१ | ४९ | ७१२ | ६.४२ |
| | २००९ मा कुल | ५९७ | ४२ | ५५५ | ७.३० |
| | २०१० देखि अगष्ट २०११ सम्म | ५६० | १४१ | ४१९ | २५.२ |
| सशस्त्र प्रहरी बल | २००७ मा कुल | ५१२ | ४ | ५०८ | ०.७८ |
| | २००८ मा कुल | ५४४ | ६ | ५३८ | १.१ |
| | २००९ मा कुल | ५९० | ३ | ५८७ | ०.५ |
| | २०१० देखि अगष्ठ २०११ सम्म | ६८९ | ८ | ६८१ | १.१६ |

श्रोतः नेपाली सेना मुख्यालय, सशस्त्र प्रहरी बल मुख्यालय, मानव श्रोत बिकास बिभाग, प्रहरी प्रधान कार्यालय, अगष्ट २०११

**सूचकाङ्क ५- प्रत्येक संवैधानिक वा व्यवस्थापिकाका पुनरावलोकन समितिहरूमामा महिलाको सहभागिता संख्या र प्रतिशतः**

तालीका ९ ले देखाए अनुसार, अरु क्षेत्रको तुलनानमा संबैधानीक समितिहरूमा महिलाहरूको सहभागिता सन्तोषजनक देखिन्छ। यतिहुदा हुदै पनि निर्णय प्रक्रृयामा उनीहरूको भूमिका तथा सकृय सहभागिता कस्तो रह्यो मापन गर्न सम्वभ देखिदैन ।

**तालीका ९: संबैधानिक समितिहरूमा महिलाको प्रतिनिधित्व**

| समितिको प्रकार | कुल सदस्य संख्या | महिला सदस्य | महिलाका प्रतिशत |
|---|---|---|---|
| संबिधान सभा समिति<br>मस्यौदा संबिधान<br>प्रकृयामा सहयोग गर्ने | ५९५ | १९८ | ३३.२७ |
| संबैधानिक समिति (१)<br>संबिधानको लागि अवधारणा पत्र प्रस्तुत बिषयगत समितिले नसमेटेका बिषय प्रस्तुत गर्ने | ६१ (२ रिक्त) | १५ | २४.१९ |
| विषयगत समिति (१०)<br>बिभिन्न बिषयमा प्रारम्भिक सम्यौदा तथा अवधारणा पत्र तयारी | ४२१ | १३७ | ३२.५४ |
| मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति<br>(मा. श्री बिन्दा पाण्डेको नेतृत्वमा) | ४३ | १२ | २७.९० |
| अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति<br>(मा. श्री लालबाबु पण्डितको नेतृत्वमा) | ४३ | १८ | ४१.८६ |
| राज्य पुर्नसंरचना तथा राज्य शक्ति बाँडफाँड समिति<br>(मा. श्री लोकेन्द्र बिष्ट मगरको नेतृत्वमा) | ४२ | १२ | २८.५७ |
| ब्यवस्थापकीय अंगको स्वरुप निर्धारण समिति<br>(मा. श्री रमेश रिजालको नेतृत्वमा) | ४१ | १७ | ४१.४६ |
| राज्यको शासकिय स्वरुप निर्धाराण समिति<br>(मा. श्री शम्भु हजारा दुसादको नेतृत्वमा) | ४२ | ९ | २१.४२ |
| न्याय प्रणाली सम्बन्धी समिति | ४१ | १७ | ४१.४६ |

| | | | |
|---|---|---|---|
| (मा. श्री प्रभु शाहको नेतृत्वमा) | | | |
| संबैधानिक निकायको संरचना निर्धारण समिति<br>(मा. श्री गोविन्द चौधरीको नेतृत्वमा) | ४२ | १४ | ३३.३३ |
| प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति<br>(मा. श्री अमृत थापा मगरको नेतृत्वमा) | ४२ | ७ | १५.२१ |
| साँस्कृतीक तथा सामाजिक ऐक्यवद्धताको आधार निमार्ण समिति<br>(मा. श्री नबोदिता चौधरीको नेतृत्वमा) | ४१ | २० | ४८.७८ |
| राष्ट्रिय हित संरक्षण समिति<br>(मा. श्री अमिक शेरचनको नेतृत्वमा) | ४४ | ११ | २५ |
| प्रकृयागत समितिहरू (३)<br>संबिधान मस्यौदा प्रकृया आम जनता सम्म पुऱ्याउने जनमत संकलन<br>संबिधान सभा सदस्य तथा संबिधान निमार्णमा संलग्न कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने | ११३ | ४६ | ४०.७० |
| नागरिक संग सम्बन्धित समिति<br>(मा. श्री मिना पाण्डेको नेतृत्वमा) | ३६ | १४ | ३८.८८ |
| जनमत संकलन तथा समन्वय समिति<br>(मा. श्री प्रमोद प्रशाद गुप्ताको नेतृत्वमा) | ४१ | १४ | ३४.१४ |
| क्षमता अभिबृद्धि तथा श्रोत ब्यवस्थापन समिति | ३६ | १८ | ५० |
| ब्यवस्थापिका संसद समिति | | | |
| बिधायक समिति<br>(मा. श्री यशोदा गुरुङ्ग (सुवेदी)को नेतृत्वमा) | ७३ | २७ | ३६.९८ |
| बिषयगत समिति | | | |
| अर्थ र श्रम समिति<br>(मा. श्री शुसिला कानदाङ्गवाको नेतृत्वमा) | ६३ | | |
| अन्तराष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समिति<br>(मा. श्री पदमलाल बिश्वकर्माको नेतृत्वमा) | ५४ | १८ | ३३.३३ |
| प्राकृतिक श्रोत तथा साधन समिति<br>(मा. श्री शान्ता चौधरीको नेतृत्वमा) | ५६ | १८ | २८.५७ |
| बिकास समिति<br>(मा. श्री जितेन्द्र प्रशाद सुनारको नेतृत्वमा) | ५६ | १६ | २८.५७ |
| महिला, बालबालिका तथा समाज कल्याण समिति<br>(मा. श्री सन्ध्या देवीको नेतृत्वमा) | ५९ | ३८ | ६४.४० |
| राज्य ब्यवस्था समिति | ५७ | १७ | ३१.५७ |
| सार्वजनिक लेखा समिति<br>(मा. श्री रामकृष्ण यादवको नेतृत्वमा) | ६१ | १६ | २९.८२ |
| बिषेश समिति | १४२ | ४३ | ३०.२८ |

| | | | |
|---|---|---|---|
| बिषेश सुरक्षा समिति<br>(संबिधान सभा अध्यक्ष सम्माननिय श्री सुवास चन्द्र नेमवाङको नेतृत्वमा) | ७२ | १८ | २५ |
| संबैधानिक सार्वजनीक सुनुवाई समिति<br>(मा. श्री कुल बहादुर गुरुङ्गको नेतृत्वमा) | ७० | २५ | ३५.७१ |

श्रोतः www.can.gov.np

**सूचकाङ्क ६- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० मा नागरिक समाज संगठनहरूको प्रतिशत (समितिका सदस्य संख्याहरू मध्येबाट)**

सन् २०११ को फेब्रुअरीमा नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना पारित भएको छ । उक्त कार्ययोजनामा यसका कार्यन्वयनको लागि बिभिन्न मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय तथा नागरिक समाजको प्रतिनिधित्व रहेको एक निर्देशक समितिको व्यवस्था गरिएको छ । यस निर्देशक समितिमा महिला, शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत बिभिन्न नागरिक समाज संघसंस्था/संजाल का ११ जना प्रतिनिधि सहित गरी २५ जना सदस्यहरू रहेका छन । यस समितिमा परराष्ट्र मन्त्रीको अध्यक्षता रहेको छ भने शान्ति तथा पुनर्निर्माण मन्त्री  सह-अध्यक्षको रुपमा रहने व्यवस्था छ । द्वन्द्व व्यस्थापन तथा शान्ति निमार्ण प्रकृयामा लैङ्गिक मूलप्रवाहीकरण सम्वन्धमा नीतिगत स्थापना गर्नुको साथै लैङ्गिकतामा आधारित हिंसाको रोकथाम र नियन्त्रण, महिला सशक्तिकरणमा अन्तर निकायगत समन्वय गर्ने, राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय एवं अन्तरराष्ट्रिय सहयोग जुटाउने, निकायगत कार्ययोजनाको निर्माण तथा कार्यान्वयन, राष्ट्रिय कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन एवं सुपरिवेक्षण, संयुक्त राष्ट्रसंघमा राष्ट्रिय कार्ययोजना १३२५ कार्यान्वयन अवस्थाको बारेमा प्रतिवेदन पेश गर्नु यससमितिको प्रमुख काम र कर्तव्य रहेको छ । यसै गरि जिल्ला स्तरमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि गठीत १४ सदस्यीय जिल्ला समन्वय समितिमा महिला अधिकारमा कार्यरत दुई संघसंस्था र द्वन्द्व प्रभावित २ जना महिलाको प्रतिनिधित्व रहने व्यवस्था छ ।

**ख)  रोकथाम र संरक्षण**

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद  प्रस्ताव नम्बर १३२५ मा पहिलो पटक सुरक्षा परिषद्वाट महिला माथि द्वन्द्वले पारेको असमान र अनौठो असरलाई सम्बोधन गऱ्यो र अवमूल्यन गरिदै आएको द्वन्द्व निवारण, शान्तिस्थापना, द्वन्द्व समाधान तथा शान्ति निर्माणमा महिलाहरूले गरेका योगदानहरू लाई राम्ररी मान्यता प्रदान गऱ्यो ।

**सूचकाङ्क ७ : उजूरी परेका यौन तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरूको संख्या, अनुसन्धान गरिएका, सिफारिश भएका, कारवाही चलेका र दण्डित गरिएकाको प्रतिशत :**

नेपालमा अझै सम्म पनि यौन तथा लैङ्गिकतामा आधारित हिंसा सम्वन्धी अनुगमन तथा प्रतिवदन गर्ने व्यवस्थित संयन्त्र छैन । यस अनुगमन प्रतिवेदनको लागि काठमाण्डौं, कपिलवस्तु, सुर्खेत, डोटि तथा सिराहा गरी ५ जिल्लाहरू छनौट गरि समुहगत छलफल तथा तथ्यांक संकलन गरिएको थियो । सन् २०११ को अगष्टमा प्रहरी, नागरिक समाज तथा हिंसावाट प्रभावितहरू संग गरिएको समूहगत छलफल अनुसार यौन तथा लैङ्गिकतामा आधारित हिंसाको उजुरीमा बृद्धि भएको पाइएको छ । यो यौन तथा लैङ्गिकतामा आधारित हिंसाका उजुरीमा बृद्धि हुनुको मुल कारणहरू यस्ता घटनाहरूमा बृद्धि को अतिरिक्त महिला बिरुद्ध हिंसा

सम्बोधन गर्न नेपाल सरकारले गरेका प्रयासहरू, व्यापक जनचेतनामुलक कार्यक्रमहरू, गैर सरकारी संस्थाहरूले संचालन गरेका कानूनी तथा अन्य सहयोगहरू, स्थानीय स्तरमा गठन भएका दवाव समुहहरू तथा हिंसाका घटनाहरूलाई उजागर गर्न संचार माध्यमले खेलेका भुमिकाहरू प्रमुख रहेका छन् ।

यौन तथा लैङ्गिकतामा आधारित हिंसाको उजुरी बृद्धि भएता पनि संभ्रान्त परिवारका महिलाहरूमा हिंसाका घटनाहरू असह्य नहुदा सम्म उजुरी नगर्ने गरेको पाइएको छ । यसै गरि पितृसत्तात्मक सामाजिक साँस्कृतिक मुल्य मान्यता, श्रीमान माथि महिलाको आर्थिक निर्भरता, अशिक्षा, अज्ञानता, मौनताको संस्कृती, न्याय हासिल गर्न आत्मबिश्वासको कमी तथा घटना सार्वजनिक गर्दा प्रभावितले सामना गर्नु पर्ने पुनर्स्थापन तथा सुरक्षा जस्ता समस्याहरू महिलाहरूका लागि कानूनी सहयोग लिन अवरोधका रुपमा रहेका छन् । नेपालमा घरेलु हिंसा दण्डनिय अपराध हुदाहुदै पनि प्रहरीले घरेलु हिंसा गर्ने ब्यक्ति उपर कनै गम्भिरता नदेखाएको पनि पाईन्छ । प्रहरीहरूमा यस सम्बन्धी कानूनको पर्याप्त ज्ञान नहुनु, तथा समाजिक दवावका कारण घरेलु हिंसाका मुद्दाहरू मेलमिलापवाट टुंग्याउने गरेको पाइन्छ । सामाजिक मुल्य मान्यता र पारिवारीक प्रतिष्ठाको कारण पनि कतिपय अवस्थामा महिलाहरूले आफ्नो श्रीमान बिरुद्धको मुद्दा फिर्ता लिएका पनि छन् ।

कतिपय अवस्थामा उजुरीमा बृद्धि हुदाहुदै पनि मुद्दा गर्दा आई पर्ने चूनौतिहरूको कारणले गर्दा कानूनी उपचार लिने महिलाहरूको संख्या कम रहेको छ । कानूनी प्रकृयाको बारेमा अनभिज्ञताको साथ साथै लामो कानूनी प्रकृया, परिवारको साथ साथै, समाजिक आर्थिक कारण, सामाजिक रुपमा वहिष्कृत हुने डर, सहयोगको अभाव, सुरक्षा, कानून कार्यन्वयन गर्ने निकाय प्रति अविश्वास, न्याय पाउछु भन्ने कुरामा आत्मविश्वासको कमी, प्रभावितहरूलाई पुर्नस्थापन सेवाको अभाव लगायत स्त्रि रोग बिशेषज्ञको अभावमा चिकित्सकीय परिक्षण तथा प्रतिवेदनमा समस्या जस्ता कारणहरूले पीडित महिलालाई न्याय हासिल गर्नबाट बञ्चित गरेको छ ।

यसै गरि, धेरै जसो यौन तथा लैङ्गिक हिंसा प्रभावित महिलाहरूले प्रमाण नष्ट भए पछि मात्र उजुरी गर्ने गरेकोले प्रमाण नष्ट भएको कारण यौन तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूको अभियोग सावित गर्न चूनौति रहेको छ । साथै कतिपयले ३५ दिने हदम्याद नाघेपछि मात्र उजुरी गर्दछन । यौन तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूमा कानुनी सेवा प्रदायकहरूमा अपर्याप्त ज्ञान तथा संवेदनशिल नहुनु, कानून कार्यन्वयन निकायमा महिला अधिवक्ताहरूको अभाव, पारिवारिक दवाव तथा अन्य कारणले गर्दा वयान परिवर्तन गर्नु जस्ता कारणहरू मुल समस्याको रुपमा रहेका छन् । घेरै जसो बालिकाहरू माथि भएको यौन तथा लैङ्गिकतामा आधारित हिंसाको मुद्दाहरूमा समुदाय तथा प्रहरीले मिलापत्र गर्ने गरिएको पाईएको छ । सुर्खेत स्थित एक स्थानीय संस्थाको अनुसार पुरुष प्रहरीहरू यौन तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दालाई अगाडि बढाउन ईच्छुक नरहेको बताएका छन । यस प्रतिवेदन तयार गर्ने क्रममा भएको अध्ययन अनुसार ७७ वटा यौन तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरू प्रहरीमा रिफर (प्रेषण) गरिएको मा १८ वटा मुद्दा चलाईएको पाइयो । यसैगरी ४६५ लैङ्गिकतामा आधारित हिंसा मध्ये २३७ वटा घटना संस्थागत मध्यस्तथा गरिएको छ । यौन तथा लैङ्गिकतामा आधारित हिंसा मुद्दा दर्ता भएता पनि राजनैतिक हस्तक्षेप एवं दवाव तथा सामाजिक तथा आर्थिक कारणले गर्दा फिर्ता लिइएको पाइन्छ । पीडकहरूलाई संरक्षणको अभावका साथसाथै एक पक्षिय छानविन तथा सामाजिक बहिष्करण प्रमुख अवरोधको रुपमा रहेका छन । न्यायिक तथा सुरक्षा क्षेत्रमा अपर्याप्त महिला प्रतिनिधित्व तथा लैङ्गिक चेतनाको कमी यसको मुल समस्याको रुपमा रहेको छ ।

**तालीका १०: जुलाई २०१० देखि जुलाई २०११ सम्म कपिलवस्तु जिल्लामा दर्ता भएका यौन तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरू**

| निकाय | घटनाको प्रकार | दर्ता भएका घटना संख्या | पक्राउ | कारवाहि गरेको | कसुर कायम |
|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय | जवरजस्ति करणी | २ | २ | पुर्पक्षका लागी थुनामा | |
| | करणीको प्रयाश<br><br>पारिवारीक विवाद, शारिरीक हिंसा, बहुबिवाह, बेचविखन | १<br><br>(उजुरी दर्ता/मुद्दा दर्ता/मध्यस्तथाबाट मिलाएको)<br>१७७/०/१७४<br>१९६/०/१९४<br>११/५/५<br>५/२/३ | २ | पुर्पक्षका लागी थुनामा | |
| जिल्ला अदालत | जवरजस्ति करणी | ८ (प्रतिवादि १८) | | | ६ मुद्दा ६ प्रतिवादि |
| | जवरजस्ति करणी प्रयास | २ (प्रतिवादि ३) | | | एक मुद्दा एक प्रतिवादि |
| साथी महिला आश्रय शिवीर, कपिलवस्तु | घरेलु हिंसा - १४१<br>यौन तथा लैङ्गिकतामा आधारित हिंस - ४<br>बहुबिवाह - २३<br>बेचविखन - ६<br>अन्य - २ | | | | श्रोतः साथी महिला आश्रय शिवीर, कपिलवस्तु लगत |

**तालीका ११: जुलाई २०१० देखि जुलाई २०११ सम्म डोटि जिल्लामा दर्ता भएका यौन तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरू**

| विवरण | जिल्ला प्रहरी कार्यालय | महिला बालबालिका कार्यालय | जिल्ला अदालत |
|---|---|---|---|
| लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरूको उजुरी संख्या | १८ | ८२ | २९ |
| अनुसन्धान भएका मुद्दाको संख्या | १५ | ५५ | १९ |
| कारवाहि गरेको | ५ | २७ | २९ |

| | | | |
|---|---|---|---|
| दण्ड सजाय | ९ | सम्बन्धित निकायमा पठाईएको हुदा तथ्यांक उपलब्ध हुन नसकेको | १० |

**तलीका १२: जुलाई २०१० देखि जुलाई २०११ सम्म सुर्खेत जिल्लामा दर्ता भएका बिभिन्न यौन तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरू**

| अभिलेख राख्ने संस्थाहरू | हिंसाका प्रकारहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुर्खेत जिल्ला | जवरजस्ति करणी/ जवरजस्ति करणीको उद्योग | यौन हिंसा | बेचविखन | घरेलु हिंसा | बहुबिवाह | बाल बिवाह | बोक्सिको आरोप | सम्बन्ध बिच्छेद | गर्भपतन |
| आवज | २१ | २२ | ४ | १०५ | ४७ | ९ | ८ | - | ४ |
| सेलर्ड | | | | १२३ | | | | | |
| ल्याक | ४ | | | १४७ | | | | २२ | |
| जिल्ला अदालत (७९ लैङ्गिकतामा आधारित हिंसाको घटना कारवाहि भएको, २१ यौन हिंसाका घटना अदालतमा) | २४ | - | ३ | ५ | २ | - | - | ६८ | ३ |
| जिल्ला प्रहरी कार्यालय (८ लैङ्गिकतामा आधारित हिंसाको घटना कारवाहि भएको, १८ यौन हिंसाका घटना) मध्यस्थता १४७ | १८ | - | ३ | १४७ | २ | - | - | - | ३ |
| एड्भोकेसी फोरम | ४ | १५ | - | - | - | - | - | - | - |
| सुरक्षित समाज | १६ | - | - | - | - | - | - | - | - |
| महिला तथा बालबालिका कार्यालय | अभिलेख नराखिएको | | | | | | | | |
| बाल कल्याण समिति | परामर्श तथा रिफर (प्रेषण) गरिएको | | | | | | | | |
| स्थानीय शान्ति समिति | द्वन्द्वको समयमा यौन तथा लैङ्गिकतामा आधारित हिंसाको उजुरी नभएको | | | | | | | | |

**तालीका १३ः सुर्खेत जिल्लामा दर्ता भएका यौन तथा लैङ्गिकतामा आधारित हिंसाको अवस्था**

| निकाय | दर्ता भएका यौन हिंसाका कुल संख्या | दर्ता भएका लैङ्गिकतामा आधारित हिंसाको कुल संख्या |
|---|---|---|
| गैर सरकारी संस्था, प्रहरी, अदालत, सरकारी वकिलको कार्यालय, | ८२ | ४६५<br>प्रहरीमा दर्ता मुद्दाः १८७<br>अदालतमा दर्ता मुद्दाः ८१ |
| कैफियत | ५ वटा मुद्दाहरू मध्यस्थता बाट मिलाइएको<br>७७ घटनाहरू प्रहरीमा रिफर (प्रेषण) गरिएको<br><br>यौन हिंसाका २४ घटनाहरू अदालतमा दर्ता गरिएको जस मध्ये १८ घटनाहरूमा सुनवाई भएको जसमा १३ मुद्दामा दण्ड सजाय भएको छ भने ५ मुद्दामा कसुर कायम नभएको<br><br>जवरजस्ति करणीको चालु ११ मुद्दामा ७ जनालाई प्रहरी हिरासतमा राखिएको थियो भने ४ फरार थिए र करणीको प्रयासका ७ जना मध्ये ४ जनालाई धरौटिमा छाडिएको छ भने ३ जना हिरासतमा नै छन । | २३७ मुद्दाहरू मध्यस्थताबाट मिलापत्र<br><br>६६ मुद्दा कारवाहि अगाडि बढाउनु अगाडि फिर्ता गरेको<br><br>अदालतमा दर्ता भएका ८२ मुद्दा मध्ये ६२ मुद्दामा निर्णय भएको घरेलु हिंसाका ५ मुद्दा मध्ये २ मिलापत्र गराइएको, १ दण्डित गरिएको र २ मुद्दा चलिरहेको<br><br>८ जना संलग्न रहेको बेचविखनको ३ मुद्दाहरूमा १ जनालाई जेल सजाय भएको, ३ जनालाई धरौटिमा छाडिएको छ भने ४ जना फरार छन । |

समुहगत छलफलको क्रममा सहभागीहरूबाट यौन हिंसाका १५ प्रतिशत घटना मात्र प्रहरी वा सम्बन्धित निकायमा दर्ता, कारवाहि र दण्ड हुने गरेको बताएका थिए । यसै क्रममा सुर्खेत जिल्लामा मात्र करिव ५० प्रतिशत महिलाहरूले शारिरीक यातना, कुटपीट, मौखिक दुर्व्यवहार (गाली गलौच), बहुबिवाह, बाल बिवाह, आर्थिक श्रोत पहुँचमा रोक, जलाउने जस्ता बिभिन्न लैङ्गिक हिंसा भोग्ने गरेको बताइएको थियो ।

**तालीका १४: महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, नक्सालको तथ्याङ्क** (२०१०)

| जिल्ला | लैङ्गिक हिंसाको प्रकार | उजुरी भएका | कैफियत |
|---|---|---|---|
| काठमाण्डौं | जवरजस्ति करणी | ३७६ | थप तथ्याँक लिन नसकिएको |
| | करणी प्रयास | १०१ | थप तथ्याँक लिन नसकिएको |

**तालीका १५: महान्यायधिवक्तको कार्यालय को २००९/२०१० को तथ्याङ्क**

| जिल्ला | लैङ्गिक हिंसाको प्रकार | उजुरी भएका मुद्दाको संख्या | कारवाहि गरिएको | अपराध ठहर | मुद्दा फिर्ता |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| काठमाण्डौं | जवरजस्ति करणी | १७८ | ५० | २० | |
| | आसय करणी | ४५ | २ | ० | २ |

**तलीका १६: पुनरावेदन अदालत २००९/२०१० को तथ्याङ्क**

| मुद्दाको प्रकार | २००८/२००९ | २००९/२०१० | कुल | मुद्दा किनारा लगाइएको | कैफियत |
|---|---|---|---|---|---|
| जवरजस्ति करणी | १३ | १८० | १९३ | १८२ | तथ्याँकहरू तयारी गर्ने क्रम रहेको हुदा यस बर्षको तथ्याँक उपलब्ध हुन सकेन । |
| आसय करणी | २ | ४३ | ४५ | ४४ | |

समुहगत छलफलको क्रममा, सहभागीहरूले पीडितलाई न्याय हासिल गर्न पुर्ण सुरक्षा सुनिश्चित गर्ने प्रावधानसाथै सामाजिक तथा राजनैतिक दवाव मुक्त निष्पक्ष छानविनको एवं उजुरी गर्ने हद म्याद वढाउनु पर्ने तर्फ जोड दिइएको थियो । अदालत तथा सुरक्षा क्षेत्रमा क्षमता अभिबृद्धिका कार्यक्रमहरू पनि संचालन गर्नु पर्ने राय व्यक्त भएको थियो ।

**सूचकाङ्क ७ क) : यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावितहरूको सम्बन्धित स्वास्थ सेवामा पहुँच**

नेपालमा द्वन्द्व र द्वन्द्व पश्चातको समायमा महिला तथा बालिकाहरूमा यौन तथा लैङ्गिकतामा आधारित हिंसाको जोखिमता  प्रकाशमा आएको बिभिन्न हिंसाका घटनाहरूले प्रमाणीत गरेको छ र तराई क्षेत्रमा अझै पनि यस प्रकारको हिंसा व्याप्त रहेको छ । नेपाली समाजको पितृसत्तात्मक संरचना तथा घटनाको संबेदनशिल प्रकृतिले गर्दा महिलाहरू यस प्रकारको घृणित अपराधको बोझ वहन गर्न बाध्य छन । हिंसावाट प्रभावित तथा उनका परिवारका सदस्यहरू “सम्मान” तथा पारिवारीक प्रतिष्ठा जोगाउनको लागि हिंसालाई मौन भएर सहने वा बाहिर ल्याउन चहादैनन् । त्यसमाथि पनि बिभिन्न कारणले गर्दा यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावित महिलाहरूको स्वास्थ्य सेवामा पहुँच एकदमै न्यून छ । स्वास्थ्य सेवा प्रणाली माथिको विश्वासमा कमि तथा सेवा प्रदायकहरूमा यस प्रकारको हिंसा प्रभावितहरूलाई बुझ्ने र सहयोग गर्नेको क्षमताको अभाव रहेको छ । अग्रपंक्तिका स्वास्थ्य सेवा प्रदायकहरु वा अस्पताल लगायत अन्य स्वास्थ्य क्षेत्रका ब्यक्तिहरूमा यौन तथा लैङ्गिकतामा आधारित हिंसा पहिचान गर्ने तथा उनीहरूलाई बुझ्ने र उनीहरूको आवश्कता सम्बोधन गर्ने सुविधा छैन । काठमाण्डौंका केहि अस्पतालहरु बहेक यौन तथा लैङ्गिकतामा आधारित हिंसाको घटना हेर्नको लागि सरकारी वा नीजि अस्पतालहरूमा कुनै छुट्टै व्यवस्था छैन । यू.एन.एफ.पी.ए/साथीले २००८ मा सुर्खेत तथा दाङ्ग गरी दुई द्वन्द्व प्रभावित जिल्लाहरूमा गरेको अध्ययनले देखाए अनुसार “”घाइते मध्ये २७ प्रतिशतले उपचारमा पहुंच पाएको पाईएको, धेरै प्रतिशत प्रभावितहरूले यो विषय असान्दर्भिक वा केहि फाईदा छैन (२० प्रतिशत) भन्ने जस्तो निराशाको उत्तर दिएका थिए, आरोप लाग्ने डर (१६ प्रतिशत), हिनताबोध वा कहाँ जाने थाहा नपाएको (७ प्रतिशत)” रहेको थियो[11] ।

[11] UNFPA (2008) Situational Analysis of Gender-Based Violence in Surkhet and Dang Districts, Nepal. IRC/Saathi/WHR. Kathmandu, Nepal.

सेवा प्रदायक तथा प्रभावितसंग समुहगत छलफल - पाँचै जिल्लामा यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावितहरूलाई सेवा प्रदान गर्नको लागि स्वास्थ्य सेवा प्रदायकको टड्कारो अभाव रहेको कुरा गैर सरकारी संस्था, प्रहरी, सरकारी प्रतिनिधिहरूले उल्लेख गरेका थिए । यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावित महिलाहरूलाई उनीहरूको घटनाको संबेदनशिलतानबुझि अन्य सरह उपचार गर्ने गरेको हुदा गोपनियता राख्न आवश्यक छ । यौन तथा लैङ्गिकतामा आधारित हिंसाका लक्षण पहिचान गर्न र औषधोपचार, मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग पुऱ्याउन स्वास्थ्य सेवा प्रदायकहरूलाई पर्याप्त प्रशिक्षण नभएको पनि पाईएको थियो । महिलाहरूको स्वास्थ्य सेवा सुविधामा कम पहुंच हुनुको कारण कमजोर आर्थिक अवस्था तथा पारिवारिक दवाव रहेको पाइएको छ । लैङ्गिकतामा आधारित हिंसाबारे नेपाल सरकार तथा गैर सरकारी संस्थाहरूले संचालन गरेको व्यापक जनचेतनामुलक कार्यक्रमहरूले लैङ्गिक हिंसालाई राष्ट्रिय स्तरमा स्वास्थ्य सरोकारको बिषयमा लिईएको छ । हाल चिकित्सक तथा नर्सहरूलाई यस सम्बन्धी प्रशिक्षणहरू भई रहेका छन भने यू.एन.एफ.पी.ए ले मनोसामाजिक परामर्श प्रशिक्षणहरू शुरु गरि रहेको छ । यू.एन.एफ.पी.ए बाट प्रशिक्षण पाएका केही मनोविमर्शदाताहरू नेपाल सरकारको जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयमा रहेका छन् । केहिलाई नेपाल सरकारबाट देशका बिभिन्न जिल्लाहरूमा हिंसा पीडितहरूको लागि संचालित सेवा केन्द्रहरूमा खटाईकोछ । यी प्रयासहरू संख्यात्मक रुपमा न्यून छन् । तसर्थ, लैङ्गिक हिंसावाट प्रभावितको सरोकारलाई सम्बोधन गर्नको लागि समग्र कार्यक्रमको रणनीति ल्याउन अति आवश्क छ ।

हाल नेपालमा लैङ्गिक हिंसाका प्रभावित तथा उनीहरूले हासिल गर्न सकेका सेवा सुबिधा सम्बन्धि तथ्याँकको टड्कारो अभाव छ । यसै सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यौन तथा लैङ्गिकतामा आधारित हिंसाका प्रभावितलाई लक्षित गरि थप स्वास्थ केन्द्रहरू स्थापना गर्न आवश्यक छ । बिद्यमान अस्पतालहरूमा पनि यस्ता प्रकारका प्रभावितहरूलाई उपचार गर्नको लागि बिषेश युनिट तथा सुबिधा बृद्धि गर्न आवश्क छ ।

यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावितहरूको आवश्यकता सम्बोधन गर्नको लागि देखिएको प्रमुख कमि भनेको समुदाय, राज्य र जिल्ला स्तरमा स्वास्थ्य निकाय तथा यिनमा संलग्न व्यक्तिहरूमा आवश्यक क्षमताको अभाव रहेको छ । यस सन्दर्भमा नेपाल सरकारले अन्तर्राष्ट्रिय कानूनहरूमा प्रतिवद्धता जनाए अनुसार सरकारले सक्रिय गैर सरकारी संस्था, नागरिक समाज संगठन, तथा संयुक्त राष्ट्रसंघीय निकायहरूसंग संवाद तथा सहकार्य गर्दै स्वास्थ्य सेवा प्रदायक, प्रहरी, न्ययायिक क्षेत्र तथा संचार माध्यमले यौन तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूलाई कसरी उपयुक्त तरिकाले हेर्ने भन्नेबारेमा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्न आवश्यक छ ।

**तालीका १७: जिल्लामा यौन तथा लैङ्गिकतामा आधारित हिंसाका प्रभावितहरूको स्वास्थ्य सेवामा पहुँचको सम्बन्धमा गरिएको छलफलको साराँश**

| जिल्ला | भ्रमण गरिएको स्थान | अध्ययन बिधि | उत्तरदाता | यौन तथा लैङ्गिकतामा आधारित हिंसाको अवस्था तथा स्वास्थ्य सेवामा प्रभावितहरू पहुँच सम्वन्धी मुख्य बुँदाहरू |
|---|---|---|---|---|
| काठमाण्डौं २०११ | प्रधानमन्त्रीको कार्यालय (लैङ्गिक हिंसा उजुरी | अर्न्तवार्ता | बिभिन्न सरकारी | यौन तथा लैङ्गिकतामा आधारित हिंसाको घटना को साथसाथै |

| | | | | |
|---|---|---|---|---|
| अगष्ट | व्यवस्थापन तथा अनुगमन शाखा), महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला बालबालिका कार्यालय, महान्यायाधिबक्ताको कार्यालय, महिला बालबालिका सेवा केन्द्र- प्रहरी प्रधान कार्यालय, जिल्ला अदालत, जिल्ला बिकास कार्यालय, अस्पतालहरू | अभिलेख/ प्रतिवेदन | निकायका प्रतिनिधिहरू | उजुरीमा पनि बृद्धि ।<br><br>बालिकाहरू पनि यौन दुर्व्यवहारको शिकार भएको घटनाको संख्यामा बृद्धि । यस बर्ष सिभिक्ट (यातना पीडित सरोकार केन्द्र) ले पाँचवटा यौन हिंसाका घटनाहरू हेरेका थिए । यस प्रकारका हिंसा प्रभावितहरू ५ देखि १८ बर्ष उमेर समुहका रहेका ।<br><br>प्रहरी, गैर सरकारी संस्था तथा संचार माध्यमले जनचेतना जगाउन तथा प्रभावितलाई सहयोग पुऱ्याउन महत्वपुर्ण भुमिका खेलेका ।<br><br>गुणस्तरिय स्वास्थ्य सेवा हासिल गर्नको लागि यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावित महिला तथा बालिकाहरूको आवश्यकता सम्बोधन गर्नको लागि विशिष्ट चिकित्सकिय तथा परामर्शको अभाव मुख्य समस्याको रुपमा रहेको ।<br><br>कुनै पनि नीजि तथा सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा यौन तथा लैङ्गिक हिंसा हेर्ने छुट्टै बिषेश सुबिधायुक्त निकायको अभाव । |
| कपिलवस्तु | जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय<br><br>गैर सरकारी संस्थाहरू संग अर्न्तक्रिया (२८ जुलाई २०११, सहभागी संख्या - १३) | समुहगत छलफल | जिल्ला प्यारालिगल किमिटिको प्रतिनिधिहरू, महिला वकालत मञ्च, दलित महिला महासंघ, | नयाँ प्रबिधिको कारणले गर्दा युवा पुस्ता बिच यौन हिंसाका घटनामा बृद्धि, यौन हिंसाका घटना; बैबाहिक सम्बन्ध भित्र भएको यातना बाहिर नआएको; यस प्रकारको घटना बाहिर आएता पनि मिलापत्र गराएको; स्वास्थ्य केन्द्रहरूमा महिला |

| | | | | |
|---|---|---|---|---|
| | सरकारी निकायहरू संग अन्तरक्रिया (२८ जुलाई २०११, सहभागी संख्या - १३) | समुहगत छलफल | सामुदायिक सेवा केन्द्र, नेपाल परिवार नियोजन संघ, सामाजिक परिचालकहरू तथा आश्रय सेवा प्रदायकहरू<br><br>जिल्ला प्रशासन कार्यालय प्रतिनिधि, जिल्ला सरकारी वकिलको कार्यालय, महिला सेल, महिला बालबालिका कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला बाल कल्याण, जिल्ला जन स्वास्थ्य कार्यालय अधिकृत, वकिलहरू तथा प्रहरी उपरिक्षक | चिकित्सकहरूको अभावले गर्दा महिलाहरू स्वास्थ्य सेवा लिन अनकनाउने; बलात्कारको घटनामा पीडितकोमात्र स्वास्थ्य परिक्षण गराउने तथा डाक्टरी परिक्षणमा स्पष्टता नहुदा पीडकहरू छुट्ने; यौन हिंसाका परिणामहरूलाई बेवास्ता गर्ने; पारिवारीक प्रतिष्ठा तथा सामाजिक दवावको कारण बयान परिवर्तन गरि रहने; अनभिज्ञता तथा डरको कारणले गर्दा यौन हिंसाका घटनाहरू ढिला उजुरी गर्ने जसले गर्दा लामो समय पश्चात उजुरी गर्दा प्रमाण नष्ट हुने; लामो र झन्झटिलो कानूनी प्रकृया<br><br>यौन तथा लैङ्गिकतामा आधारित हिंसा हेर्न स्वास्थ्य निकायहरूको अभाव<br><br>यौन तथा लैङ्गिकतामा आधारित हिंसा प्रभावितहरूलाई अन्य बिरामी सरह उपचार गराउने, घटनाको गाम्भिर्यता नबुझेका साथै गोपनियता राख्न आवश्यक<br><br>बालिकाहरूमा यौन तथा लैङ्गिक हिंसामा बृद्धि । कपिलवस्तु जिल्लामा साथीले संचालन गरेको आश्रय शिवीरमा आश्रित महिलाहरू मध्ये १० प्रतिशत यौन हिंसा प्रभावित १६ बर्ष मुनिका बालिकाहरू थिए<br><br>बिग्रदो ब्यवस्थाको कारणले गर्दा यौन तथा लैङ्गिक हिंसाका पीडकहरूले उन्मुक्ति पाएका साथै प्रभावितहरू उजुरी दिन |

| | | | | |
|---|---|---|---|---|
| | | | | दुरुत्साहित भएका । |
| सुर्खेत | सेवा प्रदायकहरूसंग अर्न्तक्रिया (२८ जुलाई २०११, सहभागी संख्या - १४) | समुहगत छलफल | महिला अधिकार तथा लैङ्गिक हिंसामा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरू, परामर्शदाता, कानन अधिकृतहरू | यौन तथा लैङ्गिक हिंसामा बृद्धि; यस बर्ष मात्रै १५% यौन हिंसाका घटनाहरू उजुरी भएका र कारवाहि चलाईएका; महिला चिकित्सक/स्वास्थ्यकर्मीको अभाव तथा हिंसा प्रभावितहरूको लक्षण पहिचान गर्न नसक्दा प्रभावितलाई आवश्यक भावनात्मक तथा मनोसामाजिक परामर्शबारे अनभिज्ञता; प्राय समयमा यौन हिंसा प्रभावित महिलाहरू उजुरी गर्ने म्याद नाघेपछि र प्रमाण नष्ट भए पछिमात्र सहयोगको लागि बिभिन्न निकायमा आउने, सामाजिक तथा पारिवारीक दवावको साथै आर्थिक कारणले गर्दा प्रभावितले वयान परिवर्तन गरि रहने |
| | सरकारी निकायहरूसंग अर्न्तक्रिया (२८ जुलाई २०११, सहभागी संख्या - ९) | समुहगत छलफल | जिल्ला अदालतका प्रतिनिधि, स्थानीय शान्ति समिति, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय | यौन तथा लैङ्गिक हिंसामा बृद्धि; न्यायिक प्रणाली प्रति अविश्वास; सामाजिक, राजनैतिक दवाव तथा आर्थिक कारणले गर्दा सबै दर्ता भएका मुद्दाहरू छानविनको लागि अगाढि नबड्ने; स्वास्थ्य परिक्षणमा समस्या; लैङ्गिक सचेत वातावरणको अभाव; प्रहरी, न्यायिक क्षेत्र तथा स्वास्थ्यकर्मीहरूलाई लैङ्गिक हिंसा सम्वन्धी प्रशिक्षण दिईनु पर्ने; पीडितको सुरक्षा तथा गोपनियता सुनिश्चित गरिनु पर्ने; यौन हिंसा उजुरी गर्ने बिद्यमान हदम्याद संसोधन गरिनु पर्ने |
| डोटि | गैर सरकारी संस्था तथा हिंसा प्रभावितसंग अन्तरक्रिया (२१ जुलाई २०११, सहभागी संख्या - १४) | समुहगत छलफल | यौन तथा लैङ्गिक हिंसा प्रभावित, महिला अधिकारवादिह | धेरै जसो यौन तथा लैङ्गिक हिंसाका घटनाहरू परिवार भित्र घटने गरेको तर सामाजिक, राजनैतिक तथा आर्थिक दवावको कारण प्रभावितहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | रू, बिभिन्न गैर सरकारी संस्थाका प्रतिनिधिहरू, जिल्ला पत्रकार महासंघ अध्यक्ष | आफ्नो घटना बाहिर ल्याउन डराउने; कमजोर आर्थिक अवस्था; पारिवारीक प्रतिष्ठा; सामाजिक दवाव; न्याय प्रणाली प्रति अविश्वास |
| | सम्बन्धित सरोकारवालाहरूसंग अन्तरक्रिया (२५ जुलाई २०११, सहभागी संख्या - २३) | समुहगत छलफल | प्रमुख जिल्ला अधिकारी, बरिष्ठ प्रहरी उपरिक्षक, गैर सरकारी संस्था तथा संचार | महिलाहरू श्रीमान् तथा परिवार माथि आर्थिक निर्भर भएको कारण हिंसा सहन बाध्य; सेवा प्रदायकहरूले लैङ्गिक हिंसालाई समान्य मान्दा पीडकलाई कारवाहि गर्न समस्या; यौन हिंसाले महिलामा पार्ने स्वास्थ्य तथा मानसिक असरहरूको बारेमा ग्रमिण तह सम्म चेतना अभिबृद्धि गर्न आवश्यक; यौन तथा लैङ्गिक हिंसा बिरुद्ध वकालत गर्न पुरुष तथा केटाहरूलाई सक्रिय रुपमा संलग्न गराउन आवश्यक |
| सप्तरी | अन्तरक्रिया छलफल (४ अगष्ट २०११, सहभागी संख्या - २१) | समुहगत छलफल | न्यायाधिस- जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय प्रतिनिधी, महिला सेल, जिल्ला स्वास्थ्य कार्यालय, महिला बालबालिका कार्यालय, स्थानीय संचारकर्मी, गैर सरकारी संस्था | राजनैतिक अस्थिरता तथा विग्रदो कानूनी व्यवस्थाको कारण तराईका क्षेत्रहरूमा अपहरण, हत्या, बलात्कार, यातना, यौन हिंसा व्याप्त रहेको छ । पारिवारीक प्रतिष्ठाको कारण धरै जसो घटनाहरू उजुरी भएका छैनन; अशिक्षा, अनभिज्ञता, कमजोर आर्थिक अवस्थाहरू मुल कारणको रुपमा रहेको; प्रभावित महिलाहरूलाई स्वास्थ्य सेवामा पहुँच बृद्धि गर्नको लागि दक्ष स्वास्थ्यकर्मीको आभाव; पीडकलाई न्यायको कठघरामा ल्याउन राजनैतिक हस्तक्षेप मुख्य समस्याको रुपमा रहेको; २४२ हिंसाका घटना मध्ये १७० समुदायमा नै मिलापत्र गराईएको, ७३ घटना बिभिन्न निकायमा दर्ता भएको र ९ |

| | | | | |
|---|---|---|---|---|
| | | | | घटनामात्र कारवाहि र दण्ड सजाय भएको । यसले पनि पीडकलाई सजायको दायरामा ल्याउन कति कठिन छ भन्ने संकेत गर्दछ । सहभागीहरूले यौन तथा लैङ्गिक हिंसा हेर्नको लागि स्वास्थ्य सेवा प्रदायकहरूलाई बिषेश प्रशिक्षण दिन आवश्यक भएको कुरामा जोड दिएका थिए । |

**सूचकाङ्क ८: लैङ्गिक उत्तरदायि कानून तथा नीतिहरूको गुणस्तर तथा संख्या**

नेपाल सरकारले लैङ्गिक उत्तरदायि कानून, नीति तथा कार्ययोजनाहरू पारित गरेको छ । यसले बिभिन्न मञ्चमा महिलाको उपस्थितीको भुमिकालाई सुनिश्चित गर्न महत्वपुर्ण भुमिका खेलेको छ । तथापी, कानून तथा नीतिहरू हुदाहुदै पनि नीति तथा कार्यन्वयनमा ठुलो भिन्नता रहेको छ । केहि महत्वपुर्ण नीतिहरू यस प्रकार छन:

नेपालको अन्तरिम संविधान २००७ ले लैङ्गिक समस्या सम्बोधन गर्न अग्रगामी राज्य पुर्नसंरचना प्रतिवद्धता ब्यक्त गरेको छ । यसमा महिलालाई वंशको आधारमा नागरिकता प्रमाणपत्र प्रदान गर्ने प्रावधान पनि राखिएको छ ।

अन्तरिम संविधानको धारा १२ देखि धारा ३२ सम्म मौलिक अधिकारको प्रावधान राखिएको छ जसले विषेश महिलाको लागि विषेश कानूनी व्यवस्था गर्न सकिने, सामाजिक सुरक्षा तथा रोजगारको प्रावधान, सामाजिक न्यायमा अधिकार, महिला तथा बालबालिका बिरुद्ध शोषण बिरुद्धको अधिकार जस्ता अधिकारहरूलाई सुनिश्चित गरेको छ ।

अन्तरिम संविधानको धारा ६३ ले संविधान सभा निर्वाचनमा कुल संख्याको एक तिहाई महिला उम्मेदवारको व्यवस्था गरेको छ ।

***नीति तथा कार्ययोजनाहरू***

तिन बर्षे मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०१०/११ - २०१२/२०१३) मा महिला तथा बालबालिकाको नागरिक, संबैधानिक, कानूनी तथा मानव अधिकार प्रर्वद्धन गर्ने जस्ता महत्वपुर्ण प्रावधान रहेका छन् । यसले बालबालिकाको बिद्यालय भर्ना, प्रजनन स्वास्थ्य सुनिश्चितता, सुरक्षित मातृत्व तथा शिशु स्याहार, लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशीकरणको साथै महिला सशक्तिकरण प्रर्वद्धन जस्ता बिषयहरूलाई प्रर्वद्धन गरेको छ । यसले महिला अधिकार प्रर्वद्धनको लागि राष्ट्रिय महिला आयोगको सुदृढीकरणलाई पनि जोड दिएको छ ।

राष्ट्रिय कार्ययोजना (२०१०/११ - २०१२/२०१३) ले आफ्नो मुख्य उद्देश्यको रुपमा द्वन्द्व प्रभावित महिलाहरूलाई राहत तथा पुनर्स्थापन मार्फत दिगो शान्ति हासिल गर्ने, द्वन्द्व समाधान तथा शान्ति निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने तथा सबै तह र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक र राजनैतिक सशक्तिगरण गर्दै बिभिन्न प्रकारको लैङ्गिक हिंसा र भेदभाव उन्मुलन गर्न महिला समानता र सशक्तिकरण प्रर्वद्धन गर्ने रहेको छ ।

लैङ्गिक हिंसा नियन्त्रण गर्न र हिंसा प्रभावित बालबालिकाहरूको सुरक्षा र संरक्षण गर्नको लागि तयार लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना ।

महिला बिरुद्ध सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि (सिड) ले बिभेदकारी कानूनको संसोधन तथा नयाँ कानून निर्माण, तथा सामाजिक, राजनैतिक तथा नीति निर्माण तहमा महिला सहभागिता बृद्धि गर्न आह्वान गरेको छ ।

बेईजिङ्ग घोषणा पत्र तथा कार्ययोजना कार्यन्वयनको लागि लैङ्गिक समानता तथा सशक्तिकरण कार्ययोजना ।

दिगो शान्ति र न्यायपुर्ण समाज निर्माण, द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रकृयाका सम्पुर्ण चरणहरूमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता तथा महिला र बालिकाको अधिकार संरक्षणको लागि तयार संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदवाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना ।

स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरू, २०६५ माघ २३, ले सम्पुर्ण जिल्लाका स्थानीय शान्ति समितिमा ३३% महिलाको सहभागिता सुनिश्चित गर्न अनिवार्य गरेको छ ।, नगरपालिका/गाँउ बिकास समितीहरूमा शान्ति समिति गठन गर्दा शान्ति प्रकृयाका सबै चरणहरूमा महिलाको उपयुक्त सहभागिता सुनिश्चित गर्न प्रस्ताव  गरेको छ ।

**सूचकाङ्क ९: सत्य निरुपण तथा मेलमिलाप आयोगमा तथा अन्य संक्रमणकालीन प्रतिवेदनहरूमा महिला अधिकार संग सम्बन्धित नीति/शिफारीसहरूको संख्या र पकृती**

विस्तृत शान्ति सम्झौतामा उल्लेख गरे अनुसार दिगो शान्ति हासिल गर्न तथा अन्तरिम संबिधान अनुसार संक्रमणकालीन न्यायको महत्व पहिचान गरेता पनि नेपाल सरकारले हाल सम्म संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना गरेको छैन । सन् २०१० अप्रिल १५ मा सत्य निरुपण तथा मेलमिलाप आयोगको बिधेयक व्यवस्थापीका संसदमा प्रस्तुत गरिएता पनि थाती राखिएको अवस्थामा छ । यस बिधेयकले (सिड), नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि महासन्धि, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ जस्ता अन्तराष्ट्रिय मानव अधिकार संयन्त्रको मर्म दर्शाउन सकेको छैन । तथापी पनि लैङ्गिक अवधारणाबाट बिद्येकलाई हेर्दा निम्न त्रुटिहरू पाईन्छन:

प्रस्तावनामा भ्रातृत्व भन्ने शब्दको प्रयोग गरिएको छ, १३२५ को राष्ट्रिय कार्ययोजनाले लैङ्गिक तटस्थ शब्दको प्रयोग गर्ने उल्लेख गरेको छ । जसले गर्दा लैङ्गिक तटस्थ शव्दको प्रयोग गरिनु आवश्यक छ ।

द्वन्द्वबाट धेरैनै महिलाहरू प्रभावित भएता पनि सशसत्र द्वन्द्वकालमा महिला माथि भएका ज्यादती तथा हिंसाका घटनाहरू उल्लेख गरिएको छैन साथै द्वन्द्वले महिलामा पारेका गम्भिर परिणामहरू पनि उल्लेख गरिएका छैनन् ।

परिभाषा खण्डमा यस ऐनको प्रयोजनका लागी गैरन्यायीक हत्या, बेपत्ता, यातना, यौनजन्य हिंसा दुर्व्यबहार, मानवता बिरुद्धको अपराध, युद्ध अपराध लगायत मानविय कानूनको गंभिर उल्लंघनको स्पष्ट परिभाषा गरिएको छैन । उदाहरणको लागि "परिवार" को परिभाषा निकै संकुचित र लैङ्गिक आधारमा अपूरो रहेको छ, परिवारको परिभाषा गर्दा उल्लेखीत सदस्य तथा साथै बसेका र लिङ्ग परिवर्तन गरिएकालाई समावेश गरिएको छैन् । यसै गरि "पीडित" को परिभाषामा यौन हिंसा प्रभावितलाई उल्लेख गरिएको छैन । प्रस्तावित बिद्येकले द्वन्द्वले महिलामा पारेको परिणाम पहिचान गरेको छैन ।

यसै गरि मानव अधिकार हनन्का घटना छानविन गर्ने अधिकार, सशस्त्र द्वन्द्वको समयमा महिला अधिकार र मानविय कानून, पुर्नमिलन तथा त्यसको लागि शिफारिस गर्नको लागि सशस्त्र द्वन्द्वको मुल कारण पत्ता लगाउन, द्वन्द्वले महिलामा पारेको बिभिन्न परिणामहरूको बिश्लेषण गर्न तथा १३२५ राष्ट्रिय कार्ययोजनाको सुरक्षा र रोकथाम स्तभमा स्पष्ट उल्लेख गरे अनुसार आयोगलाई पुर्ण अधिकार प्रदान गरिनु पर्दछ ।

आयोग गठन गर्दा जातिय, भौगोलिक तथा धार्मिक बिभिधता सुनिश्चित गर्ने प्रावधान छैन ।

आयोगका कर्मचारी नियुक्तिका सम्बन्धमा प्रस्तावित विधेयकको दफा १२ मा गरिएको व्यवस्था महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने तर्फ केही उल्लेख गरिएको छैन ।

आयोगको गठनका सम्बन्धमा प्रस्तावित विधेयकको दफा ४ को उपदफा १ मा बढीमा सातजनाको आयोग गठन हुने प्रावधान राखिएको छ तर त्यस मध्ये महिलाको संख्या कति हुने एकिन गरिएको छैन । तर उपदफा २ मा गरिएको सिफारिस सम्बन्धि व्यवस्थामा सिफारिस गर्दा कम्तीमा २ जना महिला सहित गरिनुपर्ने व्यवस्थाले कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गर्ने संवैधानिक व्यवस्था र अर्थपूर्ण सहभागिता गराउने १३२५ को राष्ट्रिय कार्ययोजनाको प्रावधानलाई आत्मसात गर्न सकेको छैन् ।

प्रस्तावित विधेयकको दफा १५ मा आयोगको छानवीन सम्बन्धि अधिकारमा आयोगलाई प्राप्त अधिकार अन्तर्गत महिलाको शरीर खानतलासी लिनुपरेमा महिला कर्मचारीको प्रयोग गर्ने प्रावधान नराखिएको हुँदा महिलाको गोपनियताको अधिकार सुनिश्चित गर्ने राष्ट्रिय कार्य योजनाको भावना समावेश हुन सकेको छैन ।

आयोगका लागि पीडित, परिवार तथा प्रत्यक्षदर्शीहरूले प्रतिशोधको डरबिना वयान दिन सक्ने राजनीतिक अवस्था हुनुपर्छ । किनकी नेपालको सशस्त्र द्वन्द्वका क्रममा सबैभन्दा बढी पीडितहरूमा महिला र बालबालिकाहरू पर्दछन । सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नका लागि बनेको विधेयकले साक्षी संरक्षणका सम्बन्धमा प्रष्ट व्यवस्था उल्लेख गरेको छैन ।

यौनजन्य हिंसाका शिकार भएका महिलाहरूको समस्या र हाम्रो सामाजिक संरचनालाई विचार गर्दै पीडित महिला र साक्षीहरूको सुरक्षाको लागी व्यवस्था नगरे धेरै पीडितहरू आयोग समक्ष पुग्न नसक्ने कुरा प्रष्ट छ । यस्ता यौनजन्य हिंसाका सिकार भएका महिलाहरूका सम्वन्धमा पीडित आफैले स्वतन्त्र पूर्वक स्वीकृति

दिएको अवस्था देखी बाहेक अन्य अवस्थामा महिलाहरूको बयान र सम्पूर्ण प्रकिया एवं विधिमा गोप्यताको सुनिश्चितता हुनु पर्दछ र यस्ता पीडितलाई मनोवैज्ञानिक विज्ञको सुविधा उपलव्ध गराउनु पर्दछ।

आयोगले सिफारिस गरेका मुद्धाको अनुसन्धान, अभियोजन, सुनुवाई र कार्यन्वयनका लागी प्रहरी भित्र छुट्टै विशेष अदालतको गठन गर्नु पर्दछ। अनुसन्धान देखी अभियोजन र सुनुवाई एवं कार्यन्वयनका लागी बन्ने यस्ता संरचनाका बारेमा समेत ब्यापक छलफल हुनु जरुरी हुन्छ। महिलाहरूको सहभागिता त्यस्तो छलफल र संरचनामा हुनु अनिवार्य गराउने व्यवस्था गरिनुपर्नेमा त्यस्तो कुनै व्यवस्था नगरिएकोले लैङ्गिक न्यायको दृष्टिकोणबाट भेदभाव भएको भन्ने देखिन्छ।

आयोगले गठन गर्ने समितिहरूको प्रतिवेदनहरूमा लैङ्गिक अवधारणालाई समाहित गरिएको छैन जुन १३२५ को मर्म विपरित छ।

महिलासँग सम्बन्धित मुद्दाहरूमा गोपनियताको अधिकारलाई संरक्षित गर्नका लागि आयोगले विभिन्न उपसमितिहरू बनाउंदा महिलाका यौनजन्य हिंसाका मुद्दामा सुनुवाई गर्न छुटै उपसमिति हुने छ भन्ने कुरा सुनिश्चित गरिनु पर्दछ भन्ने भावना सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ ले पारित गरेको छ।

यति हुदा हुदै पनि वर्ल्ड भिजन, एड्भोकेसी फोरमले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको समन्वयनमा संयुक्त राष्ट्रसंघ शान्ति कोष तथा संयुक्त राष्ट्रसंघ मानव अधिकारको कार्यालय मार्फत हालै नेपालमा पहिलो पटक संक्रमणकालीन न्यायिक श्रोत केन्द्र स्थापना गरेको छ। यस केन्द्रले संक्रमणकालीन न्यायिक संयन्त्रहरूको प्रवर्द्धन गर्नुको साथै समाजका सबै तहलाई एकै स्थानमा ल्याई देशको मानव अधिकारको अवस्था; सिमान्तकृत जनतालाई न्याय हासिल गर्न सहजीकरण गर्न; शान्ति निमार्णका प्रयासहरूलाई सहयोग गर्न अन्तरक्रिया गर्ने साझा स्थान बनेको छ।

## सूचकाङ्क १०: औपचारिक तथा अनौपचारिक पाठ्यक्रममा लैङ्गिकता र शान्तिलाई कुन हद सम्म समाहित गर्ने

नेपालमा लैङ्गिकता र शान्ति नयाँ बिषय हुन तर पनि बिद्यालय तथा विश्वविद्यालयका केहि पाठ्यक्रममा यस बिषयलाई समावेश गर्न थालिएको कुरा उल्लेख्य रहेको छ।

निम्न माध्यमिक बिद्यालयहरूमा लौङ्गिकता र शान्तिलाई सामाजिक शिक्षामा राखिएको छ जसमा सामाजिक समस्या, तथा लैङ्गिक असमानता, मानव बेचविखन, द्वन्द्व समाधान तथा व्यवस्थापन दिगो शान्ति र सुशासन जस्ताको समस्या समाधान उल्लेख गरिएको छ। तथापी, यसमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ को बारेमा उल्लेख गरिएको छैन। यसै गरी माध्यमिक तहका पाठ्यक्रममा अन्तराष्ट्रिय शान्ति स्थापना तथा लैङ्गिक बिभेद बाहेक लैङ्गिकता र शान्तिलाई समावेश गरिएको छैन। तर माध्यमिक तहका पाठ्यक्रमहरू समिक्षा हुने क्रममा छ जसमा लैङ्गिकता र शान्ति तथा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ को परिचय राखिने अपेक्षा राखिएको छ।

उच्च माध्यमिक शिक्षा परिषद अर्न्तगतको उच्च माध्यमिक शिक्षामा “लैङ्गिक शिक्षा” लाई मानव शास्त्र अर्न्तगत ऐच्छिक बिषयको रुपमा राखिएको छ जसमा लैङ्गिकता र शान्ति र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० दुवै उल्लेख गरेको छ। सामाज शास्त्र तथा सामाजिक शिक्षामा शान्ति र शिक्षाको अवधारणा उल्लेख गरेता पनि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ को कुनै उल्लेख भएको छैन।

त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर कार्यक्रममा "द्वन्द्व, शान्ति र विकास शिक्षा" रहेको छ जसमा लैङ्गिकता र शान्तिलाई बिस्तृत रुपमा उल्लेख गरिनुको साथै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ लाई बिशिष्ट रुपमा उल्लेख गरेको छ । यस बाहेक स्नातकोत्तरका अन्य बिषयहरू समाज शास्त्र, मानव शास्त्र, ग्रामिण बिकास, राजनैतिक बिज्ञान, तथा महिला शिक्षा तथा जनसंख्याको पोष्ट ग्राजुएटमा लैङ्गिकता र शान्ति समावेश भएका छन ।

यसै गरि काठमाण्डौं बिश्वबिद्यालयको स्नातकोत्तर अर्न्तगत बिकास शिक्षा, पोखरा बिश्वबिद्यालयको जनसंख्या तथा लैङ्गिकता र बिकास मा लैङ्गिकतालाई आंशिक रुपमा राखिएको छ । पुर्वाञ्चल बिश्वबिद्यालयको समाज शास्त्र, मानव शास्त्र, बिकास शिक्षा तथा समाजिक कार्यको स्नातकोत्तर बिषयले पनि शान्ति र लैङ्गिकतालाई केहि हद सम्म छोएको छ । पुर्वाञ्चल विश्वविद्यालयले शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापनमा एक वर्षे पोष्ट ग्राजुएट तयार गरेको छ तर संचालनमा आएको छैन ।

नेपालको शैक्षिक पाठ्यक्रममा लैङ्गिकता र शान्तिको बिषय बिस्तारै समाहित हुदै गईरहेको छ । कुनै बिद्यालयले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० लाई आफ्नो पाठ्यक्रममा राखेका छन भने कतिले राख्ने प्रकृयामा छन । नेपालको वर्तमान अवस्थामा पाठ्यक्रम बिकासमा संलग्न व्यक्तिहरूलाई यी प्रस्तावहरूको महत्व र सार्न्दभिकता दर्शाउन व्यापक जनचेतना जगाउन आवश्यक छ ।

## सूचकाङ्क ११: द्वन्द्व समाधान र पुननिर्माण प्रकृयामा एक मुष्ठ आर्थिक सहायता लिने महिलाहरू (पुरुष विरुद्ध) को प्रतिशत

सन् २००७ देखि नेपाल सरकारले द्वन्द्व प्रभावित ब्यक्तिहरूलाई दिगो जिवीकोपार्जनको लागि आर्थिक क्षतिपुर्ति प्रदान गर्दै आई रहेको छ । अन्तरिम राहत तथा पुनर्स्थापन कार्यक्रम अर्न्तगत द्वन्द्वको कारण मारिएका परिवारका सदस्य लगायत द्वन्द्वकै कारण भएको शारिरीक असक्तता (अपाङ्गता) भएकालाई ने.रु १००,०००.०० (१४२८.५७ अमेरिकी डलर) प्रदान गर्दै आई रहेको छ । आर्थिक बर्ष २०१०/२०११ मा आर्थिक क्षतिपुर्ति हासिल गर्ने कुल संख्यामा मृतक परिवारका सदस्य बाहेक अन्य सबै बर्गमा क्षतीपुर्ति पाउने महिलाको संख्या एकदमै कम रहेको छ । यस्तो हुनुमा पैतृक सम्पत्तिमा महिलाको कम पहुँच वा नियन्त्रण नहुनु, राहत तथा पुनर्मिलन कार्यक्रमको बारेमा जानकारी नहुनु, धेरै महिलाहरूलाई कहाँ उजुरी गर्ने भन्ने थाहा नहुनु, परिचय पत्र, नागरिकताको प्रमाण पत्र, विवाह दर्ता प्रमाण पत्र जस्ता सरकारी दस्तावेजको अभाव, अनभिज्ञता, अशिक्षा, हिडडुलमा रोक तथा असुरक्षा जस्ता मुल कारणहरू रहेका छन । मृतक परिवारमा महिलाले आर्थिक क्षतिपुर्ति पाउने कारण मृतकका श्रीमती नजिकको हकदार भएको कारण रहेको छ । द्वन्द्व प्रभावित महिलाहरू संग गरिएको एक छलफल कार्यक्रम अनुसार बास्तविक हकदार महिला भएता पनि उनीहरूले पाएका आर्थिक सहयोग उनीरुको परिवारका अन्य सदस्यहरूले लैजाने गरेका उल्लेख गरेका थिए । यस्ता क्षतिपुर्ति महिलाहरूले साँच्चै उपयोग गरेका छन् र यसले उनीहरूको जिवीकोपार्जनमा कति सहयोग पुऱ्याएको छ भनेर धरै संख्यामा अनुगमन पनि भई रहेको छ ।

**तालीका १८: आर्थिक सहायता हासिल गर्ने द्वन्द्व प्रभावित महिलाहरू**

| द्वन्द्व प्रभावित ब्यक्ति/परिवार (द्वन्द्वले पारेको असर) | आर्थिक सहायता हासिल गर्नेहरूको कुल संख्या | आर्थिक सहायता हासिल गर्ने महिलाहरूको संख्या | आर्थिक सहायता हासिल गर्ने पुरुषहरूको संख्या प्रतिशतमा |
|---|---|---|---|
| हत्या (द्वन्द्व | २४४ | २१४ (८७.७०%) | ३० (१२.३०%) |

| | | | |
|---|---|---|---|
| मारिएकाहरूको नजिकको सदस्य) | | | |
| बेपत्ता (परिवारको सदस्य) | १२० | ५ (४.१६%) | ११५ (९५.८४%) |
| शारिरीक असक्तता (अपाङ्गता) | १०४७ | ११४ (१०.८८%) | ९३३ (८९.१२%) |
| अपहरण | ९९८ | ९९ (९.९२) | ८९९ (९०.०८) |
| सम्पत्ति क्षति | ८०२ | ७७ (९.६१%) | ७२५ (९०.३१%) |

श्रोतः शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, राहत ईकाई, ववरमहल

तालीका १८ मा उल्लेख भएको लैङ्गिक बिभाजन गरिएको तथ्याँक शान्ति मन्त्रालय अर्न्तगतको राहत ईकाईबाट संकलन गरिएको हो । यस प्रतिवेदनलाई अन्तिम रुप दिने अवस्था सम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयले (२३ सेप्टेम्वर २०११) मा आफ्नो स्थापनाकाल देखि गरेको प्रगति प्रतिवेदन पर्चा (लिफलेट) को रुपमा प्रकाशन गरेको छ जसमा राहत तथा पुर्नस्थापन अर्न्तगत प्रदान गरिएको आर्थिक सहायताको संख्या भिन्न छ । मन्त्रालय द्वारा प्रकाशन गरिएको संख्या तलको तालीकामा उल्लेख गरिएको छ । तल तालीकामा उल्लेख गरिएको संख्यामा लैङ्गिक विभाजन रहेको छैन ।

**तालीका १९: १६ जुलाई २०११ देखि आर्थिक सहायता हासिल गर्नेहरूको संख्या**

| द्वन्द्व प्रभावित ब्यक्ति/परिवार (द्वन्द्वले पारेको असर) | कुल संख्या | आर्थिक वर्ष | शुरु देखि आर्थिक वर्ष २०१०/२०११ सम्म सहयोग पाउनेहरूको कुल संख्या |
|---|---|---|---|
| द्वन्द्व मारिएका सेना, प्रहरी लगायत अन्य निजामती कर्मचारीहरूका नजिकका सदस्य | १७,८२८ | २४४ | १३८९३ |
| द्वन्द्व मारिएका नागरिकका श्रीमती (एकल महिला) | ९००० | १८३२ | ४८७३ |
| बेपत्ता (पारिवारका सदस्य) | १४५२ | १०५ | १३०२ |
| विस्थापित | २२८६३ (परिवार), ८९१७१ - ब्यक्ति) | | २५००० |
| शारिरीक असक्तता (अपाङ्गता) | ५९१२ | १७९४ | २९५१ |
| सम्पत्ति क्षति | १४४३८ | २७८५ | ७०८५ (गृह मन्त्रालयबाट आर्थिक सहयोग प्राप्त ३००० तथा कपिलवस्तु घटनामा सहयोग प्राप्त १९६० सहित) |
| अपहरण | २९८५ | ९९८ | १२१९ |

श्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्राल, २०६८/२०६९ को बजेट तथा हाल सम्म संचालित कर्यक्रमहरूको प्रगती विवरण

## ग . लैङ्गिक दृष्टिकोणको प्रवर्द्धन

रोकथाम, संरक्षण तथा सहभागिता प्रत्यक्ष अन्तर हुदाहुदै पनि लैङ्गिक दृष्टिकोणको प्रवर्द्धन तर्फ भएका प्रयासहरू बढी सामयिक देखिएका छन् । लैङ्गिक मुद्दाहरूलाई संक्रमण कालको प्रारम्भसँगै विविध बुँदाहरूमा समाहित गरिए तापनि सबै क्षेत्रहरूमा एउटै छैन ।

### सूचकाङ्क १२: शान्ति सम्झौतहरूमा सम्बोधन भएका लैङ्गिक सरोकारका विषयहरूको बिस्तृत झलक

विस्तृत शान्ति सम्झौताको बिभिन्न बुँदा लगायत परिभाषा सहितले लैङ्गिक भिन्नता सम्बोधन गर्ने साथै जात, वर्ग, तथा क्षेत्र जस्ता विषयहरूलाई सम्बोधन गर्ने तथा सामाजिक न्यायलाई सुनिश्चित गर्ने उल्लेख गरेको छ ।

विस्तृत शान्ति सम्झौताको बुँदा ७.६ को महिला तथा बाल अधिकारले “महिला र बालबालिको बिषेश संरक्षण गर्न र सम्पुर्ण प्रकारको महिला बिरुद्ध हिंसाको साथै बाल श्रम तथा यौन शोषण तथा दुर्व्यवहारलाई तत्काल रोक्न दुवै पक्ष सहमत छ”[12]

विस्तृत शान्ति सम्झौता पश्चात राजनैतिक दलहरू नागरिक समाज, द्वन्द्व प्रभावित, आदिवासी, जनजाती मधेशी, दलित, मुस्लिम समुदायहरू मध्येवाट र उद्योग वाणिज्य संघको प्रतिनिधि सम्मिलित स्थानीय शान्ति समितिहरू गठन भएका छन । यी समितिहरू बिगत केहि वर्षदेखि द्वन्द्व समाधान तथा प्रभावितहरूको पहिचान तथा उनीहरूलाई राहत प्राप्त गर्ने कार्यमा सहयोग गर्न केहि हद सम्म सफल रहेका छन् । तर यीनको समग्र प्रभावकारीता तथा उपलब्धिहरू मुल्यांकन हुन वांकि छ ।

नेपाली महिलाहरूले सशक्तिकरण तथा अधिकारको लागि माग गरेको उत्साहजनक आन्दोलन; शान्ति मालिका तथा संकल्प (पहिला वाप्ड्का) बिभिन्न संघसंस्थाहरूले समन्वय गरी एकै स्थानबाट उठाएको आवाज, ले विस्तृत शान्ति सम्झौतामा लैङ्गिक विषय उठाउन विशिष्ट भुमिका खेलेका थिए ।

**तालीका २०: नेपाल शान्ति वार्ता-टोली तथा, शान्ति बार्तको परिणाम स्वरुप गठन भएका मुख्य समितिहरू**

| समिति /संरचना | स्थापना | उद्देश्य | महिलाको संख्या/वा लैङ्गिक दक्ष ब्यक्ति |
|---|---|---|---|
| पहिलो चरणको शान्ति बार्ता टोली | २००१ | नेपाल सरकार तथा ने.क.पा माओवादि विच शान्ति प्रकृया सहजीकरण गर्न गठित | कुनै पनि महिला सहभागिता नरहेको । |
| शान्ति सचिवालय | जुन २००३ | शान्ति प्रकृया सहजीकरण गर्न | कुनै पनि महिला |

[12] २१ नेभेम्वर २००६ मा नेपाल सरकार र ने.क.पा माओबादि विच भएको विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए अनुसार । यस सम्झौता पश्चात एक दशक लामो जनयुद्ध औपचारिक रुपम टुङ्गिएको थियो ।

| | | | |
|---|---|---|---|
| | | प्रधानमन्त्री कार्यालय अर्न्तगत गठित । पछि शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना गर्न विघठन | सहभागिता नरहेको । |
| दोस्रो चरणको शान्ति बार्ता टोली | २००३ | शान्ति प्रकृया सहजीकरण गर्न प्रधानमन्त्री कार्यालय अर्न्तगत गठित । (४जुन २००३ मा सरकार परिवर्तन पश्चात तत्कालिन प्रधानमन्त्री सुर्य बहादुर थापा नयाँ बार्ताटोली नियुक्त) | श्री अनुराधा कोईराला यस शान्ति बार्ता टोलीमा हुनु हुन्थ्यो । अन्य महिला वा लैङ्गिक दक्ष ब्यक्ति अनुपस्थित |
| नेपाल ट्रान्जिसन टु पिस इनिसिएटिभ | अगष्ट २००५ | राजनैतिक दलहरूलाई शान्ति प्रकृयामा सहभागिता तथा योगदान गर्न सहयोग गर्न गठित | महिला तथा लैङ्गिक दक्ष ब्यक्ति कुनै आधिकारीक अभिलेख नरहेको |
| तेस्रो चरणको शान्ति बार्ता टोली | २००६ | शान्ति प्रकृया सहजीकरण गर्न प्रधानमन्त्री कार्यालय अर्न्तगत गठित । | कुनै पनि महिला सहभागिता नरहेको । |
| विस्तृत शान्ति सम्झौता | २१ नभेम्वर २००६ | नेपाल सरकार र ने.क.पा. माओबादि बिच भएको सम्झौता | लैङ्गिक बिषय समाहितः ७.६ महिला तथा बाल अधिकार ७.६.१ "महिला र बालबालिको बिषेश संरक्षण गर्न र सम्पुर्ण प्रकारको महिला बिरुद्ध हिंसाको साथै बाल श्रम तथा यौन शोषण तथा दुर्व्यवहारलाई तत्काल रोक्न दुवै पक्ष सहमत छ " |
| युद्ध बिराम आचार संहिता अनुगमन राष्ट्रिय समिति | जुन २००६ | १२ बुँदे समझदारी तथा युद्ध बिराम आचार संहिता कार्यान्वयनको लागि | युद्ध बिराम आचार संहिता अनुगमन राष्ट्रिय समितिमा महिला तथा लैङ्गिक दक्ष ब्यक्ति कुनै आधिकारीक अभिलेख नरहेको |
| शान्ति समिति | जुन २००६ | शान्ति प्रकृया, शान्ति पुर्नस्थापन लगायत सरकारी वार्ता टोली संग सम्बन्धित आवश्यक सम्पुर्ण काम गर्न | शान्ति समितिमा महिला तथा लैङ्गिक दक्ष ब्यक्ति कुनै आधिकारीक अभिलेख नरहेको |

| | | | |
|---|---|---|---|
| अन्तरिम संविधान मस्यौदा समिति | जुन २००६ | २००६ अगष्टमा मस्यौदा समितिले बार्ताटोलीलाई अन्तरिम संविधानको मस्यौदा प्रस्तुत गरेको | शुरुमा महिला नरहेको । महिलाहरूको अथक आन्दोलन पश्चात ४ महिला संलग्न गरेको । जस अनुसार समितिमा संविधान सभा निर्वाचन २००८ मा निर्वाचित श्री पम्फा भुसाल, शुसिला कार्की, छत्र कुमारी गुरुङ्ग तथा शान्ति राई सम्मिलीत २५ प्रतिशत महिला सहभागिता सहितको समिति । |
| अनुगमन समिति | जुलाई २००६ | नेपाल सरकारको मन्त्री परिषदबाट गठित औपचारिक वार्ता तथा शान्ति प्रकृया अनुगमन, रेखदेख तथा सल्लाह प्रदान गर्न नेपाली नागरिक समाजका वरिष्ठ सम्मानित व्यक्तित्वहरूको संयुक्त शान्ति संरचना | महिला तथा लैङ्गिक दक्ष व्यक्ति नरहेको |
| क्यान्टोन्मेन्ट व्यवस्थापनको लागि केन्द्रिय निर्देशक तथा समन्वय समिति | नोभेम्वर २००६ | १६ सदसिय समिति, २८ स्थानका क्यान्टोन्मेन्ट व्यवस्थापन र संयोजन गर्न गठित केन्द्रिय र स्थानीय समितिहरू | २ महिला मन्त्रीहरू श्री हिसिला यमी र श्री पम्फा भुसाल संलग्न रहेको |
| स्थानीय शान्ति समिति गठन | २००९ | स्थानीय स्तरमा द्वन्द्वको अवषेशहरू समाधान गरी आपसि समझदारी तथा एकताबाट दिगो शान्ति पुनर्स्थापन गर्दै संक्रमणकालीन अवस्थामा न्यायिक प्रणालीको लागि सौहाद्रपुर्ण वातावरण तयार गर्ने; दिगो शान्ति तथा प्रजातान्त्रिक मान्यता र बिश्वासको लागि स्थानीय सरोकारवालाहरूले गरेका उजुरी तथा सरोकारको विषयहरूको सम्बोधन गर्ने । | स्थानीय शान्ति समितिको काम, कर्तव्य अधिकारमा उल्लेख गरे अनुसार शान्ति समितिमा बढिमा २३ जना सदस्य रहने, जसमा एक तिहाई महिला हुने छन् । |

| | | | |
|---|---|---|---|
| ५ बुँदे समझदारी | मे २८ २०११ | तीन महिना भित्र शान्ति प्रक्रियाका मूलमूत काम सम्पन्न गर्ने<br>तीन महिना भित्र संविधानसभाबाट संविधानको पहिलो मस्यौदा तयार पार्ने<br>नेपाली सेनालाई समावेशी बनाउने लगायतका मधेसी मोर्चा संग विगतमा भएका सहमतिहरूको प्रभावकारी कार्यान्वन गर्ने<br>संविधानसभाको समयावधि तीन महिना थप गर्ने<br>राष्ट्रिय सहमतिको संयुक्त सरकार गठनका लागि प्रधानमन्त्रीले राजिनामा गरी मार्ग प्रशस्त गर्ने | लैङ्गिक विषय समावेश नभएको |
| ५ बुँदे समझदारी कार्यन्वन अनुगमन समिति | २७ जुन २०११ | प्रमुख राजनैतिक दलहरू बिच संविधान सभाको म्याद तिन महिना थप गर्न गठित १७ सदस्यि ५ बुँदे समझदारी कार्यन्वन अनुगमन समिति | बिभिन्न ५ राजनैतिक दलका महिला प्रतिनिधिहरूको उपस्थिती |

श्रोत: एड ईफेक्टिभनेस एण्ड ईम्प्लिमेन्टेसन अफ एस.सी.आर १३२५ ईन नेपाल । फाईनान्सिङ्ग ईन्क्लुसिभ पिस एण्ड सेक्यूरिटी फर ओमन ईन नेपाल: फम द कम्प्रिहेन्सिभ पिस एग्रिमेन्ट टु द नेपाल पिस ट्रष्ट फण्ड । ई.सी/यू.एन पार्टनरसिप फर जेण्डर डेभलपमेण्ट एण्ड पिस अक्टोवर २०१०

**सूचकाङ्क १३ : सुरक्षा परिषद प्रस्ताब १३२५ र १८२०, अन्तराष्ट्रिय मानव अधिकार दस्तावेजहरू तथा अन्तराष्ट्रिय मानवीय कानून समाहित गरी सेना र प्रहरीका लागि प्रि-डिप्लवाईमेन्ट र पोष्ट डिप्लवाइमेन्ट कायक्रमहरूको संख्या र प्रतिशत ।**

नेपाली सेनाले मानव अधिकार, लैङ्गिक समानता, लैङ्गिक न्याय, महिला तथा बाल अधिकार, आई.सी.आर.सी, जेनेभा महासंधि तथा कार्यन्वयनमा ३ महिने प्रशिक्षण संचालन गर्दै आई रहेको छ । नेपाली सेनामा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नम्बर १३२५ र १८२० मा ७ दिने विषेश प्रशिक्षण राखेको छ ।

यसै गरि नेपाल प्रहरीले लिङ्ग, महिला र बाल संरक्षण, यौन शोषण, अन्तराष्ट्रिय मानव अधिकार संयन्त्रहरू तथा अन्तर्राष्ट्रिय मानविय कानूनहरूको सम्बन्धमा डेढ महिने प्रशिक्षण आयोजना गर्ने गरेको छ । यस प्रशिक्षणहरूमा १३२५ र १८२० लाई विशिष्ट रुपमा राखिएको छैन तर पनि बिभिन्न श्रोत ब्यक्तिहरूबाट यस सम्बन्धी अनुशिक्षणहरू संचालन गर्दै आई रहेको छ ।

साथीले २०११ मा ग्लोबल नेटवर्क अफ ओमन पिस विल्र्डस संगको सहर्कायमा सरकारी निकायको क्षमता अभिबृद्धि कार्यक्रमका उपस्थित सहभागी मध्ये सुरक्षा क्षेत्रका सहभागीहरूले आफ्नो नियमित प्रशिक्षणहरूमा १३२५ र १८२० लाई समाहित गर्ने प्रतिवद्धता ब्यक्त गरेका थिए ।

**तालीका २१: सुरक्षा बलभित्र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० मा गरेका प्रयासहरू**

| संस्था | तालिमको अवधि | तालिमका विषय |
|---|---|---|
| नेपाली सेना | ३ महिने प्रशिक्षण | मानव अधिकार, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२०, लैङ्गिक समानता, लैङ्गिक न्याय, महिला तथा बाल अधिकार, आई.सी.आर.सी, जेनेभा महासंधि तथा कार्यन्वयन विषयहरू समावेश |
| नेपाल प्रहरी | प्रि-डिप्ल्वाइमेन्ट | |
| | १.५ महिने तालिम | लिङ्ग, महिला र बाल संरक्षण, यौन शोषण, अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरू तथा अन्तर्राष्ट्रिय मानविय कानूनहरू समावेश । सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० लाई विशिष्ट रुपमा नराखिएता पनि बिभिन्न श्रोत ब्यक्तिहरूबाट यस सम्बन्धी अनुशिक्षणहरू संचालन गर्दै आई रहेको छ । |
| | पोष्ट-डिप्ल्वाइमेन्ट | माथि उल्लेखित विषयहरूमाथि उच्च अधिकारीहरूलाई विफ्रिङ्ग र प्रतिवेदन प्रस्तुत |
| सशस्त्र प्रहरी बल | प्रि-डिप्ल्वाइमेन्ट | यौन शोषण, लिङ्ग, महिला र बाल संरक्षण, अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरू तथा अन्तर्राष्ट्रिय मानविय कानूनहरू समावेश । सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० लाई विशिष्ट रुपमा नराखिएता पनि बिभिन्न श्रोत ब्यक्तिहरूबाट यस सम्बन्धी अनुशिक्षणहरू संचालन गर्दै आई रहेको छ । |

श्रोत: नेपाल प्रहरी, नेपाली सेना तालिम निर्देशनालय (अगष्ट २०११)

**सूचकाङ्क १४- महिला, शान्ति एवं सुरक्षा सम्बन्धी परियोजना र कार्यक्रमहरू अङ्कित गरी नागरिक समाज संगठनहरू (महिला समूह समेत) लाई छुट्याइएको र दिइएको खर्च:**

यस सूचकाङ्कको लागि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० कार्यान्वयनको लागि द्वि-पक्षिय, बहु पक्षिय दातृ निकाय तथा संयुक्त राष्ट्रसंघिय निकायहरूको गठबन्धन शान्ति सहयोग कार्य समुहमा सम्पर्क राखिएको थियो तर जानकारी हासिल गर्न सकिएन ।

**सूचकाङ्क १५- महिला, शान्ति र सुरक्षा परियोजना र कार्यक्रमहरू अङ्कित गरी सरकारलाई छुट्याइएको र वितरण गरिएको खर्चः**

२०११/२०१२ को लैङ्गिक उत्तरदायि वजेट वर्गिकरणको निरिक्षण गर्दा प्रत्यक्ष उत्तरदायि बजेट १९.०५ प्रतिशत, अप्रत्यक्ष उत्तरदायि ४५.७८ प्रतिशत तथा तटस्थ उत्तरदायि ३५.१७ प्रतिशत रहेको छ । तलको तालीकाले देखाए अनुसार बजेटमा बृद्धि भएता पनि योजना तथा निकासा प्रकृयामा सिमित नरहि कोषमा पहुँच तथा उपयुक्त तरिकाले प्रयोग भएको सुनिश्चित गर्नको लागि वास्तविक कार्यन्वयन तथा प्रकृयाहरूको अनुगमन गर्न आवश्यक छ ।

**तालीका २२: राष्ट्रिय बजेट (२००७/८ देखि २०११/१२) सम्म लैङ्गिक उत्तरदायि बजेट निकास**

| लैङ्गिक उत्तरदायि वजेट वर्गिकरण | २००७/८ | २००८/९ | २००९/१० | २०१०/११ | २०११/१२ |
|---|---|---|---|---|---|
| प्रत्यक्ष उत्तरदायि | ११.३% | १३.९% | १७.३% | १७.९% | १९.५% |
| अप्रत्यक्ष उत्तरदायि | ३३.१% | ३५.४% | ३६.४% | ३६.३% | ४५.७% |
| टथस्त उत्तरदायि | ५५.५% | ५०.६६% | ४६.२% | ४५.७% | ३५.१% |

२०१०/११ देखि २०११/१२ सम्मको तिन वर्षे योजनामा बालबालिका तथा परिवार विकास, सामुदाकि विकास, नागरिक सेवा तथा शिक्षा जस्ता विषयहरू परेका छन । यसमा महिला, शान्ति र सुरक्षाको विषयहरू संलग्न गरिएको छैन ।

**तालीका २३: २०१०/११ देखि २०११/१२ को तिन वर्षे योजनामा सरकारी बजेट**

| विवरण | २०१०/११ को अनुमानित बजेट (दश लाखमा) | २०११/१२ को अनुमानित बजेट (दश लाखमा) |
|---|---|---|
| बालबलिका तथा परिवार विकास | १३३४ | १३३४ |
| सामुदायिक विकास | ३०९ | २२० |
| मौलिक सम्बन्ध तथा पुनएकिकरण | ४० | ३८ |
| नागरिक सेवा | ६१३ | ५९८ |
| शिक्षा | ५१६५ | ५२४३ |

तलको तालीकाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको २०१०/११ बजेट तथा खर्चको साथसाथै २०११/१२ को योजना बजेट प्रस्तुत गर्दछ ।

**तालीका २४: शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आर्थिक वर्ष २०१०/११ तथा २०११/१२ को बजेट**

| कार्यक्रम/परियोजना | आर्थिक वर्ष २०१०/११ मा विनियोजित बार्षिक बजेट (अमेरिकी डलरमा) | बार्षिक खर्च | प्रगति प्रतिशत | आर्थिक वर्ष २०११/१२ को बार्षिक बजेट (अमेरिकी डलरमा) |
|---|---|---|---|---|
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय (प्रशासनिक खर्च) | १०,४८,५३३.३३ | ८३७,७०६.६७ | ८१.८ | ९५४,६८०.०० |
| क्याम्प व्यवस्थापन केन्द्रिय संयोजकको कार्यालय | १६,१०१,६९३.३३ | १५,८५०,२००.०० | ९८.५ | १६,०७७,९३३.३३ |
| शान्ति कोष | ७६,४२९,४००.०० | २५,९६१,३७३.३३ | ३४.० | ४७,३३३,३३३.३३ |
| पुनर्संरचना तथा पुनस्थापना | ३७,४८१,७२०.०० | २७,२६२,६९३.३३ | ७२.०८ | ४८,५२५,८६६.६७ |
| राहत तथा पुनर्स्थापना | ४,७३५,७२०.०० | ३,९८६,०५३.३३ | ८४.२ | ३०,६६६,६६६.६७ |
| पुर्नसंरचना | ३२,७४६,०००.०० | २३,२७६,६४०.०० | ७१.१ | १७,८५९,२००.०० |
| शान्ति प्रकृया सहयोग परियोजना | ७,३४९,०६६.६७ | १,३१०,०४०.०० | १७.९ | ९,३७७,६५३.३३ |
| स्थानीय शान्ति समिति | २,७२१,२२६.६७ | १,५३९,३७३.३३ | ५६.६ | २,८८३,१४६.६६ |
| द्वन्द्व प्रभावित क्षेत्र विषेश कार्यक्रम | | | | १,३३३,३३३.३३ |
| शान्ति कार्यक्रमको लागि बिकास | | | | २,६६६,६६६.६६७ |
| | १४१,१३१,६४०.०० | ७२,७६१,३८६.६७ | ६०.२६ | १२९,१५२,६१३.३० |

श्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थपनाकाल देखि गरेको मुख्य कर्य प्रगति प्रतिवेदन तथा, २०११/२०१२ को बजेट (१ यू.एस डलर वरावर ने.रु ७५)

**३. निश्कर्ष तथा सुझावहरूः**

सन् २००६ मा भएको सशस्त्र द्वन्द्वको औपचारिक समापनले समदर्शी मानव विकास सुनिश्चित गर्न राज्य र समाजको रुपान्तरण एवं पुनर्संरचनामा जोड दिँदै कतिपय सम्झौताहरू सम्पन्न गरेको छ । वर्ग, जात-जाति, भाषा, लिङ्ग, संस्कृति, धर्म र क्षत्रियतामा आधारीत सबै प्रकारका भेदभावहरू अन्त्यगर्ने उद्देश्य सहित एउटा “नयाँ नेपाल” भन्ने शब्द सबैका मुखमा गुञ्जन थाल्यो र जनताका इच्छा आकाङ्क्षाहरू चुलीन पुगे । यति बेला सबै नागरिकहरू पहिले भन्दा बढी मात्रामा समावेशीकरण, सहभागिता र स्वायत्तता खोजिरहेका छन् र ती रोजाइ एवं विकल्पहरू स्वतन्त्रताका पर्याय जस्तै बनेका देखिन्छन् ।

तर राजनीतिक अस्थिरता, दण्डहीनता एवं कानून प्रति अश्रद्धा जस्ता कुराहरूले परिस्थिति विग्रदो छ र नेपालमा शान्ति प्रकृया अझै पनि नाजुक अवस्थामा छ भन्ने प्रतिविम्वित भइरहेछ[13] । यस्ता परिस्थितिहरूमा महिला सहभागिता, रोकथाम र संरक्षणका दिशामा भएका सहयोग र पहलहरू अपर्याप्त भइरहेका छन् । नेपाल आफूले गरेका अन्तराष्ट्रिय महासन्धिहरू प्रति बाध्यकारी छ र यसलाई ध्यानमा राख्दै विभिन्न राष्ट्रिय नीतिहरू निर्माण भईरहेको छ । तर लाभान्वितहरूलाई यस्ता नीतिहरूको प्रत्यक्ष असर महशुस गराउन नीति कार्यान्वयनमा ढिलाई भई रहेको छ । वृहत शान्ति सम्झौता पछि धेरै समावेशी प्रावधानहरू ल्याइए जस्मा महिला अधिकार सम्बन्धी विशेष व्यवस्था गरिएका छन् । अन्तरिम संविधान २००७, नेपाल प्रहरी वा निजामती सेवामा महिला तथा अन्य वहिष्कृत समूहका लागि कोटा व्यवस्था, तिनीहरूमा लैङ्गिक समानता प्रवर्द्धन सम्बन्धी प्रयासहरू भएको उल्लेख गर्न उपयुक्त रहन्छ । तर प्रावधान स्वयं तथा संघीय स्वरुपको सिर्जनाले मात्र महिलाहरूको अधिकार सुनिश्चित गर्न सक्दैन[14] । यो कुरा संसारका उदाहरणहरू द्वारा पनि प्रमाणित भएको छ । द्वन्द्वले उजागार गरेका मुद्दाहरू प्रतिको प्रतिबद्धताका कुरा गर्दा समस्याका सारा श्रृङ्खला नै उद्घाटित हुन पुग्छन् ।

सहभागितमूलक दृष्टिकोणबाट - अपवादका रुपमा संविधान सभामा महिलाको सहभागिता उच्च रहेको छ भने तुलनात्मक रुपमा अन्य क्षेत्रमा ज्यादै न्यून देखिन्छ । महिला सशक्तिकरण र सहभागितालाई सामान्यतया गुणात्मक भन्दा बढी परिमाणात्मक सूचकाङ्कहरू द्वारा हेरिँदै आएको छ । कतिपय घटनाहरूमा आरक्षण प्रयोग गरी संख्या वृद्धिका प्रावधानहरू ल्याईंदा ल्याईंदै पनि महिला प्रतिनिधित्व आवश्यक भन्दा कम नै रहेको छ । अनुकूल कार्याक्रमहरू तथा सकारात्मक विभेदहरूमा वृद्धि गरिएका छन् तैपनि निर्णायक तहहरूमा समग्र महिला सहभागिता उपेक्षित नै रहेको पाइन्छ । यो प्रतिवेदन तयारीका सिलसिलामा संकलित तथ्याङ्कले रोकथाम र संरक्षणका लागि भएका प्रयासहरू  कम सम्बोधन गरिएको तथ्य प्रकास पारेको छ ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद  प्रस्ताव नम्बर १३२५ का प्रावधानहरूलाई ध्यानमा राखी शान्ति तथा पुनर्निर्माण मन्त्रालय राहत र क्षतिपूर्तिका सन्दर्भमा लैङ्गिक अवधारणालाई सम्बोधन गर्न पछि परेको छ । तथापि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना परित भए पश्चात यसको कार्यन्वयनको लागि आवश्यक तयारी तथा योजनाहरू भई रहेका छन् ।

सत्य निरुपण तथा मेलमिलाप आयोग तथा व्यक्ति वेपत्ता सम्वन्धी आयोगको विधेयकको मस्यौदाले मेलमिलापमा मात्र केन्द्रित रहि मानवता र मानव अधिकार उल्लंघनका अपराधहरूमा दण्ड सजाय गर्ने तर्फ मनासिव ध्यान पुऱ्याएको छैन जसले गर्दा दण्डहीनता झन् बढ्दै जाने छ । बिगत  केहि वर्षहरू देखि गठन भएका आयोगहरूले पीडितलाई न्याय दिन अस्विकार गरी रहेको छ । महिलाका अधिकार सम्बन्धी मुद्दाहरू र विशेष गरेर संरक्षणसँग सम्बन्धी मद्दाहरू उठाइएता पनि विस्तृत रुपमा छलफल भएको छैन । स्थानीय सरोकारवालाहरू लाई संलग्न गराई द्वन्द्व रोकथाम तथा समाधान गर्न जिल्ला स्तरमा गठन हुने स्थानीय शान्ति समितिहरूको कार्यक्षेत्रगत शर्तहरूले  - समितिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व रहने व्यवस्था गरेको छ । यद्यपि यी समितिहरूले द्वन्द्व रुपान्तरणमा जिल्लामा महत्वपूर्ण भूमिका निर्वाह गर्न प्रयासरत छन् तर क्षमताको अभाव, अख्तियारी तथा श्रोतको अभावलेसन्तोषजनक रुपमा उत्तरदायीत्व निर्वाह गर्न कठीनाई व्यहोरिरहेका छन् । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० कार्यान्वयन गर्न सबै सरकारी वा गैर सरकारी कर्मचारीहरूलाई तालिम दिएता पनि महिलाहरूले यसको लाभ लिन सकेका

[13] सुरक्षा परिषदमा संयुक्त राष्ट्रसंघ महासचिव वान की मुनको प्रतिवेदन, २ जनवरी २००९

[14] (2009) Nepal Human Development Report 2009. State Transformation and Human Development. Kathmandu, Nepal.

छैनन् । द्वन्द्व कालमा यौन तथा लैङ्गिकतामा आधारित हिंसा भोगेका महिलाहरूका लागि समेत न्याय लगातार रुपमा पकड बाहिर नै पुगिरहेको छ र हाल सम्म पनि त्यही अवस्था जारी छ ।

सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ कार्यन्वयनको लागि बहुसंख्यक चुनौती तथा अड्चनहरू रहेता पनि यसका अवसरहरूलाई नकार्न सकिन्न । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० कार्यन्वयनको लागि सरकारबाट कार्ययोजना परित गरी शान्ति निर्माण प्रकृयामा महिला सहभागिता, प्रवर्द्धन तथा सुरक्षा, रोकथाम र संरक्षण, तथा राहत तथा पुनःप्राप्तीमा गम्भिर सरोकार दर्शाएको छ । संबैधानिक, न्यायिक, व्यवस्थापकिय, कर्मचारी तथा सुरक्षा क्षेत्रमा लैङ्गिक समानताको लागि परिवर्तनहरू भएका छन । कार्यक्रमगत रुपमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले लैङ्गिक विश्लेषण तथा लैङ्गिक बजेट लेखा परिक्षण गरेको छ । महिला तथा बालबालिका का मुद्दाहरू छानविन गर्न नेपाल प्रहरीले सबै ७५ जिल्लाहरूमा महिला सेल स्थापना गरेको छ । लैङ्गिक कार्यक्रम तथा महिलाहरूको घरायसी कामलाई पनि राष्ट्रिय विषयको रुपमा लिईएको छ । यसको बावजुद पनि असरहरू अति सुस्त अवस्थामा देखिएका छन ।

हाल भइरहेका राज्यका कामकारबाहीका सन्दर्भमा प्रस्तुत अनुगमन प्रतिवेदनले विभिन्न स्रोतहरूबाट संकलित सूचना र तथ्याङ्कका आधारमा सिफारिशहरू गरेको छ । यी मध्ये केहीलाई बेजिङ्ग +१५ सम्बन्धी नेपाल गै.स.स प्रतिवेदनद्वारा पुनःपरिष्कार गरिएको छ ।

**क. सहभागिता :**

- महिलाका गुणस्तरीय सहभागिता, प्रतिनिधित्व र नेतृत्वलाई राज्यका सवै संयन्त्रहरूमा सुनिश्चित गरिनु पर्छ । अङ्कहरूमा मात्र समानता गरेर होइन सारभूत समानता र प्रतिफलहरूमा समानतातर्फ विशेष दृष्टि पुर्‍याउनु पर्दछ । संरचनात्मक द्वन्द्व व्यवस्थापन प्रकृयाहरू लगायत समग्र शान्ति वार्ता एवं शान्ति निर्माण प्रकृयाहरूका समितिमा ३३ प्रतिशत महिला उपस्थिति हुनु पर्दछ ।
- सम्पुर्ण राजनैतिक नीति निमार्ण ओहदामा महिला संलग्न गराउन हरेक राजनैतिक दलहरूका उच्च निकायमा सहभागिता अभिबृद्धि गर्नको लागि विषेश नीतिहरू हुन आवश्यक छ ।
- महिला समानता तथा अधिकारले थप महिला नेतृत्व बिकास गर्नेहुदा संविधान सभा छाँया प्रतिवेदन/संविधान छाँया प्रतिवेदनहरू प्रकाशन गर्न आवश्यक छ ।
- न्यायाधिस, न्यायिक प्रशासन, प्रहरी, महान्यायाधिवक्ता जस्ता कानून कार्यन्वयन संयन्त्रहरूका नीति निमार्ण तहमा पर्याप्त महिला प्रतिनिधीत्व प्रवर्द्धन गर्न आवश्यक छ ।
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना कार्यन्वयन र सूचाँङ्क अगुगमनको लागि राष्ट्रिय निकाय स्थापना गर्न सुझाव प्रस्तुत गर्दछ ।

**ख. रोकथाम र संरक्षण :**

- राहत, क्षतिपूर्ति, पुनस्थापन, पुनर्निर्माण, द्वन्द्वकालका हिंसाहरूको सम्बोधन र पीडितका अधिकारको प्रवर्द्धन आदि क्रियाकलापहरूमा लैङ्गिकतालाई समेत ध्यान दिदै शान्ति प्रकृयाको सुनिश्चितताको

लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा एउटा लैङ्गिक इकाई गठन भएको छ तर यसलाई मानविय तथा आर्थिक रुपमा सवल बनाउन आवश्यक छ । हत्या, वेपत्ता, यातना अपहरण र द्वन्द्वसँग सम्बन्धित सबै प्रकारका यौन तथा लैङ्गिकतामा आधारित हिंसा घटनाहरूको अलग अलग तथ्याङ्क अध्यावधिक गरी राखिनुपर्दछ ।

- पूर्व महिला लडाकूहरू र उनीहरूका बालबालिकाहरूको सुरक्षा र संरक्षणको सुनिश्चितता गर्ने ।
- यौन हिंसाका अपराधिहरूलाइ आममाफि दिने प्रवाधान हटाई सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग बिधेयक तत्काल पारित हुन आवश्यक छ ।
- शान्ति सम्झौता भित्रै द्वन्द्वकाल र द्वन्द्वपछिका काल दुवैमा महिलाहरूको अधिकार उल्लंघन भएका मुद्दाहरू उठाउने । हतियार देखाई भएका हिंसा र त्यसबाट महिलामा परेको असरको सम्बोधन गरिनु पर्ने ।
- नागरिक समाजका संगठनहरूले महिला र बालिकाहरूले न्यायमा पहुँचका लागि वहस चलाउन निरन्तर रुपमा साझेदारीमा काम गर्नुपर्छ ।
- सक्रिय गैर सरकारी संस्था, नागरिक समाज, संयुक्त राष्ट्रसंघिय निकाय संगको सहकार्यमा स्वास्थ्यकर्मी, प्रहरी, न्यायिक क्षेत्र, संचार जस्ता सेवा प्रदायक निकायहरूको क्षमता अभिबृद्धि गर्ने ।
- लैङ्गिक तथा यौन हिंसाका घटना संकलन तथा व्यवस्थापनको लागि औपचारिक संयन्त्र बिकास गर्ने साथै निर्देशिका तयार गर्ने ।

## ४.सन्दर्भ सामग्री/सन्दर्भहरूको सूची


- ______. (2004) Nepal Human Development Report 2004. Empowerment and Poverty Reduction. Kathmandu, Nepal.
- ______. (2009) Nepal Human Development Report 2009. State Transformation and Human Development. Nepal.
- ______. (2010) Three Year Plan Approach Paper (2010/11 – 2012/13). Kathmandu, Nepal.
- ______. (2011) National Action Plan On Implementation of the United Nations Security Council Resolutions 1325 & 1820 (2011/12 – 2011/12). Kathmandu, Nepal.
- Jagaran Nepal (2010) Rajyka Nikayama Mahilako Pratinidhitwo (Women's Representation in State Agency). Kathmandu, Nepal.
- Martin, Ian (2007) Implementing commitments to women's equal participation. Available at: http://www.unmin.org.np/?d=activities&p=activity_detail&aid=50 CBS/ADB/The World Bank/DFID (2006) Resilience Amidst Conflict. An Assessment of Poverty in Nepal, 1995-96 and 2003-04.Kathmandu, Nepal.
- Deuba, A.R. (2005) Changing Roles of Nepali Women Due to Ongoing Conflict & Its Impact: A National Study. SAMANATA-Institute for Social and Gender Equality. Kathmandu, Nepal.
- NNBN/SAATHI (2009) Keeping the Beijing Commitment Alive…. Nepal NGO Report on Beijing +15. Kathmandu, Nepal.
- The World Bank/DFID. (2006) Unequal Citizens. Gender, Caste and Ethnic Exclusion in Nepal. Summary. Kathmandu, Nepal.

Websites
http://www.peace.gov.np/
http://www.can.gov.np/
http://www.nic.gov.np/
http://www.mof.gov.np/
http://www.peacewomen.org/assets/file/SecurityCouncilMonitor/Debates/WPS/WPS2010/nep_wps_2010.pdf